**लामखुट्टेबाट सर्ने रोगबाट बचौं**

- लामखुट्टेको टोकाइबाट औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफ्लाइटिस जस्ता सङ्क्रामक रोग लाग्न सक्छ।
- त्यसैले लामखुट्टेबाट बच्न आवश्यक उपायको अवलम्बन गरौं।
- घरवरिपरि पानी जम्न नदिऔं।
- घर तथा गोठवरिपरि सफासुग्घर राखौं।
- गोठ तथा खोर घरभन्दा टाढा राखौं।

**लामखुट्टेको टोकाइबाट बचौं र बचाऔं।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०८० साउन २९ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 August 14 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३४५

## शिक्षा ऐनको विरोधमा शिक्षकद्वारा पालिका कार्यालयमा तीनघण्टा धर्ना

प्रस, वीरगंज, २८ साउन/

सङ्घीय सरकारले ल्याउन लागेको शिक्षा ऐनको मस्यौदाको विरोधमा आइतवार पर्सा र बाराका पालिकाहरूमा नेपाल शिक्षक महासङ्घले धर्ना र ज्ञापनपत्र बुझाएको छ। नेपाल शिक्षक महासङ्घको आह्वानमा आज वीरगंज महानगरपालिका कार्यालयअगाडि महासङ्घ वीरगंज महानगरको आयोजनामा तीन घण्टा धर्ना दिएर प्रमुख प्रशासकीय अधिकृतलाई अध्यक्ष विनोद मेहताले ज्ञापन बुझाएका थिए।

नेपाल शिक्षक महासङ्घ, पर्साका अध्यक्ष प्रदीप जैसवालले जिल्लाका १४ वटै पालिकामा तीन घण्टा धर्ना बसेर स्थानीय महासङ्घका नेतृत्वले प्रमुख प्रशासकीय अधिकृतहरूलाई ज्ञापनपत्र बुझाएको बताए। उनले केन्द्रीय आह्वानमा आज देशभर शिक्षक महासङ्घले सरकारले ल्याउन लागेको शिक्षा ऐनको मस्यौदा विद्यालय शिक्षक, कर्मचारी, कार्यालय सहयोगी र बाल विकास शिक्षिकाको अधिकारविपरीत भएकाले विरोध गरिएको बताए। उनले मस्यौदाको विरोधमा निरन्तर आन्दोलन गरिने बताए।

**प्रस, भिस्वा/**

नेपाल शिक्षक महासङ्घ छिपहरमाई गापाको आह्वानमा आज गापा कार्यालयमा महासङ्घ छिपहरमाई गापाका अध्यक्ष प्रभु गिरीको नेतृत्वमा तीन घण्टा धर्ना दिएर शिक्षक महासङ्घले प्रमुख प्रशासकीय अधिकृतलाई ज्ञापनपत्र बुझाएको थियो। अध्यक्ष गिरीले केन्द्रीय आह्वानमा आज धर्ना र ज्ञापनपत्र बुझाएको र कार्यक्रममा गापामा रहेका सामुदायिक विद्यालयका शिक्षकहरूको सहभागिता रहेको बताए।



जीराभवानीमा भएको धर्ना



सिम्रौनगढमा भएको धर्ना



पर्सागढीमा भएको धर्ना

**प्रस, बिरुवागुठी/**

पर्सागढी नगरपालिकाका शिक्षक, कर्मचारीहरू आइतवार सरकारले ल्याउन लागेको शिक्षा ऐनको मस्यौदाको विरोध गर्दै नपा कार्यालयमा बिहान ११ देखि २ बजेसम्म धर्ना दिए र नगरप्रमुख गोकर्ण पाठक र प्रमुख प्रशासकीय अधिकृत छविरमण भट्टराईलाई ज्ञापनपत्र बुझाए। महासङ्घ पर्सागढी नपाका संयोजक रामबहादुर चौधरीको नेतृत्वमा ज्ञापनपत्र बुझाइएको थियो। ज्ञापन बुझ्दै नगरप्रमुख पाठकले शिक्षक, कर्मचारीहरूको जायज मागप्रति आफ्नो ऐक्यबद्धता रहेको बताए। कार्यक्रममा महासङ्घका केन्द्रीय प्रतिनिधि बिन्दादास थारू, प्रदेश प्रतिनिधि रामआशिषप्रसाद यादव, पर्सा जिल्ला प्रतिनिधि रामबालकप्रसाद यादव, नेपाल शिक्षक सङ्घ पर्सागढीका संयोजक योगेन्द्रप्रसाद चौधरी, नेपाल शिक्षक सङ्गठन पर्सागढीका संयोजक राजेन्द्रप्रसाद थारूलगायत शिक्षक, कर्मचारीहरूको सहभागिता थियो।

**प्रस, सिम्रौनगढ/**

बाराको सिम्रौनगढ नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयका शिक्षकहरूले आज सिम्रौनगढ नगरपालिकाको मूलद्वारमा तीन घण्टा धर्ना दिएर प्रमुख प्रशासकीय अधिकृत भोजेन्द्र चौधरीलाई ज्ञापनपत्र बुझाएका छन्। नगर शिक्षक महासङ्घका अध्यक्ष उमाशङ्कर यादवको अध्यक्षतामा बसेको धर्नामा सहभागी शिक्षकहरूले सरकारले ल्याउन लागेको शिक्षा ऐनको मस्यौदाको विरोध र यसअघि सरकारले महासङ्घसँग गरेको ५१ बुँदे माग सम्बन्धमा गरिएको ३१ बुँदे सहमतिप्रति ध्यानाकर्षण गराउने उद्देश्य रहेको बताए। सिम्रौनगढ नपा शिक्षा संयोजक कमलेश अग्रहरि, कङ्काली माविका प्रअ ध्रुव कुशवाहा, नेरामावि बसवरियाका उमाशङ्कर यादव, नेरामावि खाजीका कामेश्वर प्रसाद, शिक्षक बृजकिशोर यादव, सुरेश सहनीलगायतले मन्तव्य व्यक्त गरेका थिए।

## महानगरसमेत पाँचवटा पालिकाले रकम फिर्ता गरेनन्

प्रस, वीरगंज, २८ साउन/

पर्सा जिल्लाका १४ वटा पालिकामध्ये नौवटा पालिकाले रु २१ करोड २४ लाख रकम कोलेनिकामा फिर्ता पठाएका छन् भने वीरगंज महानगरसमेत पाँचवटा पालिकाले अहिलेसम्म रकम फिर्ता नपठाएको कोष तथा लेखा नियन्त्रक कार्यालय, वीरगंजले जनाएको छ।





आव २०७९/८० मा कोलेनिका, पर्साबाट विकास कार्यका लागि निकासा लिएका रकममध्ये साउन १५ गतेभित्र सबै स्थानीय तहले आआफ्नो प्रतिवेदन बुझाउनुपर्ने नियम रहेकामा सो अवधिमा पाँचवटा पालिकाले खर्च विवरण प्रतिवेदन पेश नगरेको कोलेनिकाले जनाएको छ।

कोलनिकाले सार्वजनिक गरेको तथ्याङ्क अनुसार बहुदरमाई नपाले रु तीन करोड ३७ लाख ५३५, ठोरी गापाले रु ८५ लाख ३३ हजार ५८, पर्सागढी नपाले रु एक करोड ५७ लाख १६ हजार ७१२, विन्ध्यवासिनी गापाले रु तीन करोड आठ लाख ४३ हजार १४२, जगरनाथपुर गापाले रु एक करोड १७ लाख २६ हजार २९, पटेर्वासुगौली गापाले रु दुई करोड ४३ लाख ३५ हजार ९१३, धोबनी गापाले रु दुई करोड ५२ लाख ६२ हजार १६, पोखरिया नपाले रु तीन करोड दुई लाख ५३ हजार ६३, कालिकामाई गापाले रु दुई करोड ९२ लाख ५२ हजार ३४६ रकम फिर्ता गरेका छन्। तर वीरगंज महानगर, पकहामैनपुर, छिपहरमाई, जीराभवानी र सुखवाप्रसौनी गापाले अहिलेसम्म कोलेनिकामा फिर्ता गर्नुपर्ने रकम फिर्ता गरेका छैनन्।

## बक्यौता झन्डै डेढ अर्ब, १८ जनाको खाता रोक्का
## एउटै फर्मको रु १४ करोड बाक्यौता

राधेश्याम पटेल, परवानीपुर, २८ साउन/

आर्थिक नगरी वीरगंजको आन्तरिक राजस्व कार्यालय, पर्साले हरेक वर्ष अर्बौं राजस्व सङ्कलन गर्दा पनि देशको उत्कृष्ट पाँच आन्तरिक राजस्व कार्यालयको सूचीभित्र पर्दैन। किनभने यस कार्यालयको बक्यौता हरेक वर्ष बढ्दै गएको देखिन्छ। गत आव २०७९/८० को तथ्याङ्क अनुसार आन्तरिक राजस्व कार्यालय, पर्साको हालसम्मको बक्यौता झन्डै डेढ अर्ब पुग्न लागेको छ। यसैगरी, सो कार्यालयको बेरुजू रु ६० करोडभन्दा बढी पुगेको छ।

उत्कृष्ट कार्यालयको दर्जा पाउनका लागि आयकर, मूअकर, अन्तःशुल्क राम्ररी असुलउपर हुनुका साथै कर छल्ने करदातालाई प्रभावकारी कानूनी कारबाही गरी बक्यौता असुलउपर गर्नुपर्ने हो। तर बक्यौता नउठ्दा कार्यालयले राम्रो कर असुल गर्दासमेत छायामा पर्ने गरेको छ। वीरगंज कार्यालयको मूल्याङ्कन हुँदा उत्कृष्ट पाँचभित्रको सूचीमा नपर्दा कर अधिकृतहरू नाक खुम्च्याउन बाध्य हुन्छन्।

आन्तरिक राजस्व कार्यालय, पर्साकी निमित्त कार्यालय प्रमुख पुनिता झाले दिएको जानकारी अनुसार आयकरतर्फ एक हजार १४२ जनाबाट रु ७८ करोड २१ लाख ५० हजार ९८१ तथा मूअकरतर्फ चार हजार ३१ जनाबाट रु ६९ करोड ९१ लाख ७१ हजार ७० गरी कुल रु १ अर्ब ४८ करोड १३ लाख २२ हजार ५१ बक्यौता उठाउनुपर्नेछ।





हरेक वर्ष आयकरतर्फ कुल बक्यौताको १५ प्रतिशत ब्याज थपिँदै जान्छ भने मूअकरमा कुल बक्यौताको १५ प्रतिशत ब्याज र १० प्रतिशत थप दस्तुर गरी २५ प्रतिशत कर थपिने नियम छ। तसर्थ हरेक वर्ष बक्यौता बढ्ने गरेको हो।

मूअकरतर्फ १० करोडसम्म बक्यौता राख्ने १९ जना करदाता रहेका निमित्त कार्यालय प्रमुख झाले बताइन्। जबकि आयकरतर्फ २० जना करदाताको बक्यौता मात्रै रु १७ करोड ६९ लाख छ। वीरगंज कार्यालय अन्तर्गत एउटै फर्मले करीब १४ करोडसम्म कर छलेको देखिन्छ।

करोडौं कर छल्ने फर्ममध्ये वीरगंज–१६, इनर्वा वीरगंज भन्सार क्षेत्रकै बबिता साह सञ्चालक रहेको मोहिनी इन्टरप्राइजेज हो। यो फर्मले मात्रै रु १४ करोड ६८ लाख ५८ हजार कर बक्यौता राखेको छ। सबै कानूनी कारबाही गर्दासमेत फर्मकी सञ्चालक हालसम्म सम्पर्कमा आएकी छैनन्। धनुषा जिल्लाबाट २०५४ वैशाख १४ गते नागरिकता बनाएकी बबिताको पतिको नाम कृष्णकुमार गुप्ता हो। उनको फर्म २०५६ मा आयकर र २०५८ मा मूअकरमा दर्ता भएको थियो। आव २०७०/७१ मा यो फर्मको कर निर्धारण भएको थियो।

बक्यौता राख्ने व्यावसायिक फर्महरूले कोइला, ढुवानी, पेट्रोलियम पदार्थको आयात एवं व्यवसाय गरी घाटा बेहोरेका कारण कर तिर्न नसकेर सम्पर्कविहीन बनेका कर अधिकृतहरू बताउँछन्। "कतिपयले घाटा लागेर फर्म बन्द गरी भारत फरार भएका बुझिएको छ, हामीले सबै प्रक्रिया पूरा गरी कारबाही गर्दासमेत कर असुल गर्न सकिएको छैन," एकजना कर अधिकृतले भने। आन्तरिक राजस्व कार्यालय, पर्साले मात्रै गत असार मसान्तमा १८ जना करदाताको फर्मको बैंक खाता, घरजग्गा, आयात–निर्यात, शेयर कारोबार रोक्का गरेको जनाएको छ। २४ जनाको नामसहित सूचना निकालेकामा छजनाले कर तिरेका र बाँकी १८ जनालाई कारबाही गरिएको जनाइएको छ। १८ जनासंग पाँच लाखदेखि पाँच करोडसम्म बक्यौता असुलउपर गर्नुपर्ने कार्यालयले जनाएको छ।

## पर्सा, बारा प्रहरीको आयोजनामा रक्तदान, १७० जना सहभागी

प्रस, वीरगंज, २८ साउन/

नेपाल प्रहरी श्रीमती सङ्घको ३९औं वार्षिकोत्सवको अवसरमा आइतवार जिल्ला प्रहरी कार्यालय, पर्सा र वडा प्रहरी कार्यालय, श्रीपुरले संयुक्तरूपमा आयोजना गरेको रक्तदान कार्यक्रममा चारजना महिलासहित १०२ जनाले रक्तदान गरेका रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए।





जिप्रका, पर्साका प्रहरी उपरीक्षक कोमल शाहले वीरगंजका अस्पतालहरूमा बिरामीको चाप बढेको र रक्तसञ्चार केन्द्र, वीरगंजमा रगत अभाव भएको हुँदा नेपाल प्रहरी श्रीमती सङ्घको वार्षिकोत्सवमा रक्तदान कार्यक्रम आयोजना गरिएको बताए। उनले सुरक्षाकर्मीहरूको पनि सामाजिक उत्तरदायित्व हुने भएको र यो एक प्रकारको विपद्को काम पनि भएकोले रक्तदान गरेर सघाएको प्रस्टयाए।

कार्यक्रममा भावना घिमिरे, बबिता पासवान, बुद्धिसागर पन्त, रमेश बोहरा, राजेन्द्र महतो, भुनेस पटेल, प्रदीप पण्डित, गोपाल यादव, दुर्गा दास, पूर्णकुमारी श्रेष्ठ, नमिता थिङ, सुदिन थिङ, फिर्दोस्त आलम, श्याम चौधरी, रञ्जीत कोइराला, राहुल गुप्ता, हीरा मियाँ अन्सारीलगायतले रक्तदान गरेका प्राविधिक प्रमुख पाण्डेले बताए।

कार्यक्रममा सप्रजिअद्वय भीमकान्त पौडेल र शिवप्रसाद लम्साल, सप्रउ सुमन थपलिया, नेपाली सेना श्रीजङ्ग गणका प्रमुख सेनानी डायमन्ड कार्की, रक्तसञ्चार केन्द्रकी अध्यक्ष मधु राणालगायतको सहभागिता रहेको पर्सा

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**जोसँग केही छैन, दुनियाँ उसमाथि हाँस्छ, जोसँग सबैथोक छ, उससँग दुनियाँ ईर्ष्या गर्दछ। तसर्थ जीवन आफू अनुसार बाँचौं।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : राजाप्रसाद कुर्मी (आरके) |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# नागरिक स्वास्थ्य

**मुलुकको मूल कानून संविधानले स्वास्थ्य सेवालाई नागरिकको 'मौलिक हक' भनेको छ। मौलिक हकको अर्थ नागरिकका लागि संविधानले तोकिदिएको र राज्यले अनिवार्यरूपमा प्रदान गर्नुपर्ने सेवा, सुविधा हो। मौलिक हक कार्यान्वयन नगर्ने राज्यविरुद्ध नागरिकको उजूरी लाग्छ। हाम्रो नेपालको संविधान २०७२ मा उल्लिखित ३१ किसिमका मौलिक हकमध्ये स्वास्थ्यसम्बन्धी हक पनि एक हो। लोकतान्त्रिक समाजवादोन्मुख मुलुकको संविधानले नागरिकको स्वास्थ्यलाई मौलिक हकमा राख्नु सकारात्मक कुरा हो। मानिसका हरेक गतिविधिमा उसको स्वास्थ्यस्थिति प्रतिविम्बित हुन्छ। स्वास्थ्यस्थितिले उसका हरेक गतिविधिलाई प्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ। राष्ट्रको उन्नति, प्रगति र समृद्धिका लागि स्वस्थ नागरिक अनिवार्य शर्त हो। संविधान निर्माताहरूले यस तथ्यलाई गहिराइसम्म पुगेर चिन्तनमनन गरेको पाइन्छ। तर लोकतान्त्रिक गणतन्त्र स्थापनापश्चात् पनि हाम्रो मुलुकको स्वास्थ्य प्रणालीमा कायम बेथिति देख्दा भने संविधानले दिएको स्वास्थ्य अधिकारको कुरा केवल कागजमा मात्रै सीमितजस्तो लाग्छ।**

**नागरिकको आधारभूत स्वास्थ्य सेवालाई संविधानमा लिपिबद्ध गरिए पनि व्यवहारमा सामान्य औषधिसमेत आवश्यक परेको समय सरकारी स्वास्थ्य चौकीमा उपलब्ध छैनन्। संविधानको धारा ३५ को उपधारा १ मा भनिएको छ– 'प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निश्शुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिनेछैन।' सोही संविधान अन्तर्गत बनेको 'जनस्वास्थ्य सेवा ऐन, २०७५ को परिच्छेद–२ मा प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा सहज र सर्वसुलभरूपमा प्राप्त गर्ने अधिकार हुन्छ' उल्लेख छ। उक्त ऐनको दफा ३ मा 'कुनै पनि नागरिकलाई स्वास्थ्य सेवाबाट वञ्चित गरिनेछैन' भनिएको छ। ऐनले नसर्ने रोग तथा शारीरिक विकलाङ्गता, मानसिक रोगलगायत सामान्य आकस्मिक अवस्थाका सेवालाई निश्शुल्क उपचारको व्यवस्था गरेको छ। तोकिएबमोजिमका आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नु प्रत्येक स्वास्थ्य संस्थाहरूको कर्तव्य हो।**

**संविधान र ऐनले व्यवस्था गरेका सामान्य व्यवस्थासमेत कार्यान्वयन नुहँदा सर्वसाधारणले अझै पनि आधारभूत स्वास्थ्य सेवा पाउन सकिरहेका छैनन्। कतै औषधि अभाव त कतै जनशक्ति अभाव छ। कतिपय सरकारी तथा सामुदायिक स्वास्थ्य केन्द्रमा स्वास्थ्यकर्मीकै व्यवहारका कारण नागरिकले सामान्य स्वास्थ्य सेवा पाउनसमेत गाह्रो पर्ने गरेको छ। मिर्गौलासहित क्यान्सर, अल्जाइमरलगायत विभिन्न आठ किसिमका कडा रोग भएका नागरिक, जनान्दोलनका घाइते, शहीद परिवारलाई उपचारमा सरकारले सहुलियत दिने गरेको भए तापनि अनावश्यक प्रशासनिक झन्झट, स्वास्थ्यकर्मी एवं कर्मचारीको बदमाशीका कारण सबै बिरामीले सरकारी सहुलियत सहजरूपमा पाउन सकिरहेका छैनन्। हाम्रो मुलुकमा हुने आम्दानीलाई हेर्दा यहाँका मजदूर, श्रमिक वर्गलाई मुटु, मिर्गौला, क्यान्सरलगायत कडा किसिमका रोग लागेमा उसको उपचार आफ्नो आर्थिक क्षमताभन्दा बाहिर हुन्छ। यी सबै कुरालाई मध्यनजर गरी नेपाली काङ्ग्रेस मधेस प्रदेश स्वास्थ्य विभागले हालै प्रदेशका मुख्यमन्त्रीको ध्यानाकर्षण गराएको छ। ढिलै भएपनि यो सकारात्मक कुरा हो। हरेक राजनीतिक दलले आआफ्नो स्थानबाट यस किसिमको दबाबलाई निरन्तरता दिने हो भने, काम गर्न सरकार बाध्य हुनेछ।**

# जहाँ विद्यार्थी रुचि अनुसार दिनचर्या शुरू गर्छन्


शिक्षा नेपाल



अनन्तकुमार लाल दास
anantlaldas@gmail.com


**कोबायासी समकालीन शिक्षाको आलोचक पनि थिए। उनको भनाइमा लेखिएका शब्दहरूमाथि अनावश्यक जोड दिनु गलत हो। यसले केटाकेटीहरूको सहज ग्रहणशीलता कमजोर हुन्छ। उनी केटाकेटीहरूको शरीर र मस्तिष्कको समान विकासमा जोड दिन्थे।**

आधुनिक समाजमा विद्यालय सधैं मानव चिन्तनको विषय रहेको छ। विश्वमा औद्योगिक समाज अस्तित्वमा आएदेखि नै औपचारिक विद्यालयको स्थापना मानव समाजको प्रमुख विशेषता रहिआएको छ। विद्यालयको स्थापना र सञ्चालन गर्ने जिम्मेवारी सरकारले लिएको छ। साथसाथै प्रजातान्त्रिक मूल्य र मान्यता विकसित गर्नका लागि पाठ्यक्रम निर्माणको कार्य पनि जनताद्वारा छानिएको सरकारको हातमा नै रहेको छ। समाजले विद्यालयसँग जुन अपेक्षा गरेको छ, त्यो पूरा नभएकोले जनताद्वारा छानिएको सरकार पनि सधैं शङ्काको घेरामा रहिआएको छ। शिक्षा सम्बन्धी धेरै नीति र नियमहरू बनाइए, परिवर्तन गरिए, तापनि त्यो सबै दस्तावेजमैं सीमित रहेको छ। यी सबै कुराका बावजूद यस्ता धेरै उदाहरणहरू भेटिन्छ जहाँ व्यक्तिगत प्रयासले गर्दा यस्ता विद्यालयहरू पनि स्थापित भए जो आज पनि अभिभावक, शिक्षक, प्रधानाध्यापक, किशोरवयका छात्रछात्राहरू तथा शिक्षा क्षेत्रमा काम गर्ने मानिसहरूका लागि प्रेरणाको स्रोत रहेका छन्। जापानको तोमोए गाकुएन एउटा यस्तै विद्यालय थियो। यस विद्यालय सम्बन्धमा मेरो जानकारीको आधार 'तोत्तो–चान' नामक विश्व प्रसिद्ध पुस्तक हो जसलाई यस विद्यालयमा पढ्ने एउटी केटी तेच्चुको कुरोयानागीले लेखेकी हुन्। 'तोत्तो–चान' बाल्यकालमा आफन्तले माया गरेर बोलाउने उनकै नाम हो।

तोमोए गाकुएन नामक प्राथमिक विद्यालयको स्थापना सन् १९३७ मा सोसाकु कोबायासीले टोकियो शहरमा गरेका थिए। उनी यस विद्यालयका प्रधानाध्यापक पनि थिए। उनले यस विद्यालयको स्थापना आफ्नो निजी पूँजीबाट गरेका थिए। यस विद्यालयको स्थापनापूर्व कोबायासीले शिक्षाबारे धेरै अध्ययन गरेका थिए। सन् १९२२ देखि १९२४ सम्म उनी दुई वर्षका लागि युरोप बसेका थिए। यस अवधिमा उनले धेरै विद्यालयलाई नजीकबाट अध्ययन अवलोकन गरेका र बुझेका थिए। उनले त्यहाँका शिक्षाविद्हरूसँग पनि छलफल गरेका थिए। भन्न के खोजिएको हो भने तोमोएको स्थापनापूर्व उनले पूर्ण तयारी गरेका थिए।

यो विद्यालय त्यस बेलाको परम्परागत चलनचल्तीबाट एकदमै अलग थियो। 'तोत्तो–चान' एउटा विश्वप्रसिद्ध पुस्तक हो जसलाई प्रत्येक शिक्षकले पढ्नुपर्छ। तोत्तो–चानको भर्ना तोमोए विद्यालयमा ७ वर्षको उमेरमा त्यस बेला भयो, जब उनलाई पढिरहेको विद्यालयबाट अति सक्रिय र उत्सुक भनेर निष्कासित गरियो। उनलाई आफ्नो जीवनसँग धेरै माया थियो। आफ्नो वरिपरिको हरेक कुरा बुझ्ने र जान्ने कोशिश गर्थिन्। पहिलो दिन जब उनी विद्यालयमा भर्नाका लागि गइन्, उनले प्रधानाध्यापकसँग भनिन्–"म यस विद्यालयमा पढ्न चहन्छु।" प्रधानाध्यापकले उनकी आमासँग भने–"तपाईं घर जान सक्नुहुन्छ। म तोत्तो–चानसँग केही कुरा गर्न चाहन्छु।" त्यस पछि उनी तोत्तो–चानलाई आफूबारे जे भन्न मन लाग्छ बताउन भने र तोत्तो–चान त्यस बेलासम्म चुप भइनन्, जबसम्म उनीसँग शब्द समाप्त भएन। चार घण्टासम्म लगातार उनको कुरा सुनेपछि प्रधानाध्यापकले उनलाई भने–"अब तिमी यस विद्यालयकी छात्रा हौ। आफ्नो विद्यालय राम्ररी हेरेपछि तोत्तो–चानले कहिल्यै पनि छुट्टी नलिने प्रण गरिन्।

आखिर कस्तो थियो त्यो विद्यालय जहाँ सात वर्षकी एउटी केटीले पहिलो दिन नै कहिल्यै पनि अनुपस्थित नहुने प्रण गरिन्? त्यस विद्यालयको प्रवेशद्वार दुईटा जीवित रूखबाट बनेको थियो जुन प्रतिदिन बढिरहेको थियो। रूखको हाँगामा नै विद्यालयको बोर्ड झुन्डेको थियो। विद्यालय वरिपरिका पर्खाल पनि रूखबिरूवाबाट बनेका थिए। अर्थात् विद्यालय भित्र र बाहिर आउनजानको लागि कुनै पनि प्रकारको औपचारिकताको आवश्यकता थिएन। यसको अर्थ केटाकेटीहरू जुन बेला पनि भित्र र बाहिर आउन जान सक्छन् भन्ने होइन। यस विद्यालयका विद्यार्थीहरू आआफ्नो काममा अति व्यस्त रहने हुँदा कहिलेकाहीं घर जानको लागि उनीहरूलाई सम्झाउनु पर्थ्यो। विद्यालयमा कक्षाकोठा वा पुस्तकालयको लागि रेलगाडीको छवटा काम नलाग्ने डिब्बा उपयोगमा ल्याइएको थियो तर सभाकक्ष र भान्साकोठाको लागि पक्की भवन थियो। कक्षाकोठाभित्र प्रत्येक विषयसँग सम्बन्धित सहायक सामग्री उपलब्ध थिए। यसबाहेक विद्यालयमा स्वीमिङ्ग पुल र शौचालय पनि उपलब्ध थियो। विद्यालय प्ले ग्राउन्डमा धेरै रूखहरू थिए, जसमाथि केटाकेटीहरू खेल्ने, चढ्ने र ओर्लिने गर्थे।

तोमोए एउटा यस्तो विद्यालय थियो जहाँ पठनपाठन खुला वातावरणमा हुन्थ्यो। रेलगाडीको खाली डिब्बामा बनेको कक्षाकोठामा कालोपाटी र बस्नका लागि डेस्कबेन्च थियो तर केटाकेटी बस्ने ठाउँ निश्चित थिएन। उनीहरू आफूले रोजेको ठाउँमा बस्न सक्थे तर सबैभन्दा अनौठो कुरो त्यहाँ पाठ पढ्ने तरीका थियो। त्यहाँ विभिन्न विषयका लागि निश्चित घण्टी थिएन तर निश्चित के थियो भने लेख्ने–पढ्ने काम पूरा भएपछि केटाकेटीहरू शिक्षिकासँगै बाहिर घुम्न जान सक्छन्। कक्षा १ का विद्यार्थीहरू जो पूर्णरूपेण पढ्नका लागि तयार थिएनन् उनीहरूलाई पनि आफूले रुचाएको विषयबाट पढाइ शुरु गर्ने छुट थियो। यसको एकमात्र उद्देश्य के थियो भने शिक्षक–शिक्षिकाले केटाकेटीहरूको रुचि, रुचाएको विषय र उनीको रुचिमा नपर्ने कुराबारे सजिलै थाहा पाऊन्। आवश्यक परेका बेला विद्यार्थीहरू शिक्षकहरूको सहयोग पनि लिन्थे र शिक्षकहरू पनि उनीहरूलाई सक्दो सहयोग गर्थे।

तोमोएमा विद्यालयको युनिफर्म थिएन। जहाँ अरू विद्यालयका विद्यार्थीहरू युनीफर्म लगाएर विद्यालय जान्थे, तोमोएका विद्यार्थीहरू सफा लुगा लगाएर विद्यालय जान्थे। कोबायाशी अभिभावकलाई सबैभन्दा नराम्रो लुगा लगाएर विद्यार्थीहरूलाई विद्यालय पठाउन अनुरोध गर्थे। यसको पछाडिको उद्देश्य के थियो भने खेल्दा हिलोमा लुगा फोहोर हुँदा वा च्यातियो भने कुनै प्रकारको पीडा नहोस्। उनी भन्थे–केटाकेटीहरूलाई लुगा फोहोर हुने वा च्यातिने डरले खेलमा भाग लिन असमञ्जस नहोस्। उनी केटाकेटीहरूलाई स्वाभाविकरूपले बढ्न दिने कुरामा विश्वास गर्थे। कोबायाशीको चाहना केटाकेटीहरूले सन्तुलित खाना खाऊन् तर यसका लागि उनले कहिल्यै, कुनै भाषण दिएनन्। उनी अभिभावकलाई आआफ्नो सन्तानलाई सबै प्रकारको खाना खुवाउने सल्लाह दिन्थे। कुनै दिन यदि कसैले खाना दिन बिर्सिन्थे भने विद्यालयको भान्साकोठाबाट खाना दिइन्थ्यो। विद्यालयको स्वीमिङ्ग पुलमा केटाकेटीहरूलाई मौसमको हिसाबले पौडी खेल्न सिकाइन्थ्यो। यसको लागि केटाकेटीहरूलाई कुनै पोशाकको आवश्यकता पर्दैनथ्यो। विद्यालयमा विद्यार्थीहरूलाई सङ्गीतको तालमा व्यायाम सिकाइन्थ्यो।

तोमोए विद्यालयको प्रमुख विशेषता थियो स्वाभाविकता। स्वाभाविकता सँगसँगै केटाकेटीहरूको व्यक्तित्व विकास हुनुपर्छ भन्ने कुरामा विद्यलयको आस्था थियो। शिक्षक सधैं विद्यार्थीहरूलाई घुम्नको लागि कहिल्यै मन्दिर त कहिल्यै खेत त कहिल्यै समुद्र छेउ लिएर जान्थे जहाँ विद्यार्थीहरू विभिन्न प्रकारका जानकारी हासिल गर्थे। त्यहाँ उनीहरू समूहमा काम गर्थे, खाना बनाउँथे र खुब आनन्दित हुन्थे। शिक्षक केटाकेटीहरूको मनबाट डर खत्म गर्न भूत बनेर एक आपसमा डराउने खेल पनि खेलाउँथे र उनीहरूसँग खुब कुराकानी गर्थे। कहिलेकाहीं विद्यालयमा स्थानीय मानिसहरूलाई डाकेर उनीहरूसँग कुराकानी गराउँथे। उनीहरूसँग केटाकेटीहरू विभिन्न प्रकारको स्थानीय सीप हासिल गर्थे। जस्तै किसानलाई बोलाएर प्रधानाध्यापकले केटाकेटीहरूलाई भन्थे–"यहाँ तपाईंको खेतबारीका शिक्षक हुनुहुन्छ, तपाईंहरूलाई खेती गर्न सिकाउनुहुन्छ।"

प्रत्येक वर्ष ३ नोभेम्बरको दिन विद्यालयमा खेल दिवसको आयोजन गरिन्थ्यो। यस दिन अभिभावकहरू पनि केटाकेटी सँगसँगै खेलमा भाग लिन्थे। खेलपछि प्राप्त हुने पुरस्कार पनि अनौठो थियो। पुरस्कारमा उनीहरूलाई तरकारी दिइन्थ्यो। केटाकेटीहरू खुशी–खुशी तरकारी लिएर घर जान्थे र आमाले पकाएर खान दिएपछि उनीहरू मज्जले खान्थे किनभने यो उनीहरूले जितेर ल्याएका हुन्थे। यस्ता धेरै गतिविधि तोमोए विद्यालयमा हुन्थ्यो जसलाई विस्तारपूर्वक जान्नको लागि किताब पढ्नुपर्छ। 'तोत्तो–चान' पुस्तक पढेर आआफ्नो विद्यालयलाई राम्रो बनाउन प्रेरणा प्राप्त हुन्छ। यस विद्यालयको स्थापना कोबायाशीले मनले गरेका थिए। उनका अनुसार सबै केटाकेटी स्वभावतः राम्रा हुन्छन् र यस प्राकृतिक स्वभावलाई बाह्य वातावरण र वयस्कको दुष्प्रभावले नष्ट गर्छ।

कोबायासी समकालीन शिक्षाको आलोचक पनि थिए। उनको भनाइमा लेखिएका शब्दहरूमाथि अनावश्यक जोड दिनु गलत हो। यसले केटाकेटीहरूको सहज ग्रहणशीलता कमजोर हुन्छ। उनी केटाकेटीहरूको शरीर र मस्तिष्कको समान विकासमा जोड दिन्थे। सन् १९४५ को द्वितीय विश्वयुद्धको बेला यो विद्यालय डढेर समाप्त भयो। विद्यालय डढिरहेको बेला कोबायाशी विद्यार्थीहरूसँग अब कस्तो विद्यालय बनाउने भनी चर्चा गरिरहेका थिए। तत्कालीन विद्यालयसँग यसको तुलना गर्दा यो विद्यालय पूर्णतया भिन्न थियो। जापानको औद्योगिक विकासको बेला यो विद्यालय धेरैलाई मन परेको थिएन। आजको जस्तै त्यस बेलाका अभिभावक पनि आफ्ना सन्तानलाई तत्कालीन प्रतियोगिताको लागि तयार गर्न रुचाउँथे। आजको जस्तै अर्थ व्यवस्थालाई बलियो बनाउने मानव संसाधन तयार गर्ने कुरा राज्यको चाहना थियो। आम मानिसको धारणा विद्यालयमा कठोर अनुशासन पालना हुनुपर्ने कुरामा थियो। यस कारण 'तोत्तो–चान'को विद्यालयलाई पनि समाजबाट आलोचित हुनुपरेको थियो। यस कारण दोस्रो विश्वयुद्धको त्रासदीपछि यस विद्यालयको पुनर्जागरण हुन सकेन तर कोबायासी जीवनभरि राम्रो शिक्षाका लागि प्रयास गरिरहे। लेखिकाको अनुसार यस विद्यालयमा शिक्षा ग्रहण गरेका सबै मानवीय मूल्यसहित जीवनयापन गर्न र विवेकशील जीवनको पैरवी गर्ने पङ्क्तिमा अग्रणी रहे।

# सडक विभागको प्रगति ७० प्रतिशत

काठमाडौं, २८ साउन/

आर्थिक वर्ष २०७८/७९ मा सडक विभागको प्रगति ५८ प्रतिशत रहेकामा आव २०७९/८० मा ७० प्रतिशत भएको छ। अघिल्लो वर्षको तुलनामा गत आवमा प्रगति दर वृद्धि भएपनि अपेक्षा गरे अनुसार नभएको विभागका महानिर्देशक सुशीलबाबू ढकालले बताए।




अन्तिम चौमासिकमा बजेट व्यवस्थापन हुन नसक्दा कामको प्रगति सोचेअनुरूप हुन नसकेको उनको भनाइ थियो। उनले भने, "विभागले ८० प्रतिशत प्रगति हुने अपेक्षा गरेको थियो। त्यस अनुसार काम हुन सकेन।"

वैदेशिक सहायताका आयोजनामा आवश्यकताभन्दा बढी स्रोत राख्ने गरिएकाले अन्य आयोजनाको तुलनामा कम प्रगति हुने गरेको महानिर्देशक ढकालले बताए। "सरकारले एक वर्षमा रकम विनियोजन गरेको आधारमा प्रगति मापन गरिन्छ," उनले भने, "वैदेशिक सहायता र नेपाली गरी दुई किसिमका स्रोत विनियोजन भएका हुन्छन्। सोही अनुसार प्रगति पनि फरक हुन्छ।"

बुटवल–नारायणगढ सडकका लागि रु सात/आठ अर्बभन्दा बढी खर्च गर्न नसकिने जानकारी गराइएको जनाउँदै महानिर्देशक ढकालले उक्त आयोजनाका लागि १० अर्ब बढी रकम विनियोजना भएको बताए। "बुटवल–नारायणगढ वैदेशिक आयोजना भएकाले बढी रकम विनियोजन भयो। जसले गर्दा कम प्रगति देखियो," उनले भने।

राष्ट्रिय गौरवका सडक आयोजनामा अघिल्ला वर्षको तुलनामा गत वर्ष बढी प्रगति भएको ढकालले बताए। उनका अनुसार उत्तर–दक्षिण करिडोर अन्तर्गत कोशी, कर्णाली र कालीगण्डकी राजमार्ग पर्छन्। कोशीमा ४२, कालीगण्डकीमा ४३ र कर्णालीमा २४ प्रतिशत भौतिक प्रगति भएको ढकालले जानकारी दिए। उनका अनुसार पुष्पलाल (मध्यपहाडी)मा ७२ र हुलाकी राजमार्गमा ९१ प्रतिशत प्रगति भएको थियो।

झन्डै तीन आर्थिक वर्षमा कोभिडका कारण अपेक्षाकृत काम हुन नसकेको बताउँदै महानिर्देशक ढकालले अघिल्ला वर्षको तुलनामा गत आवमा सन्तोषजनक प्रगति भएको उल्लेख गरे। विभागले सङ्घीय सडक र त्यस अन्तर्गतका पुलको निर्माण तथा मर्मत गर्दै आएको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तवार्ता

# ठूला भौतिक पूर्वाधारमा लगानी गर्न तत्पर छौं –रमण नेपाल

काठमाडौं, २८ साउन/रासस

**नागरिक लगानी कोष (सिआइटी) सबल वित्तीय संस्था मध्येको एक हो। कर्मचारीदेखि आम सर्वसाधारणलाई समेत वित्तीय सेवा दिँदै आएको कोषले पछिल्ला दिनमा थप क्षेत्रमा समेत लगानी विस्तार गरिरहेको छ। शेयर बजारको विस्तारका लागि नागरिक स्टक डिलरमार्फत आफ्ना गतिविधि अगाडि बढाएको छ। प्रस्तुत छ–शेयर बिक्री प्रबन्धकदेखि शेयर प्रत्याभूतिकर्ताको जिम्मेवारीसमेत सफलतापूर्वक निर्वाह गरिरहेको कोषका पछिल्ला कामकारबाई र यसको भावी रणनीतिबारे राष्ट्रिय समाचार समिति (रासस) का समाचारदाता रमेश लम्सालले कोषका कार्यकारी निर्देशक रमण नेपालसँग गरेको अन्तर्वार्ताको सम्पादित अंश।**

नागरिक लगानी कोषको प्रमुखका रूपमा नियुक्त हुनुभएको पाँच वर्ष पूरा हुन लागेको छ। कार्यकालको अन्तिम चरणमा हुनुहुन्छ। यसबीच के कस्ता काम सम्पन्न गरें भन्ने लाग्छ ?

– नागरिक लगानी कोषको सुविधा सम्पन्न भवन निर्माण भएको छ। हामीलाई बढी भएको तीन तल्ला भाडा लगाएर अतिरिक्त आम्दानीसमेत गर्न सफल भएका छौं। हामी सूचना प्रविधिमा कमजोर थियौं। अहिले एनएल के बेव बेस्ड सफ्टवेयर सञ्चालनमा ल्याएका छौं। यसबाट पूर्वको ताप्लेजुङदेखि पश्चिमको दार्चुलासम्मका सबै सेवाग्राहीलाई सहज सेवा दिन सकिएको छ। अब बिस्तारै फाइनल पेमेन्ट, सापटीलगायत अन्य सुविधा लिन सक्ने बनाएका छौं। कोषको ऐनमा रु आठ अर्बको अधिकृत पूँजी, जारी र चुक्ता पूँजी आठ अर्ब नै पुऱ्याउने व्यवस्था भए पनि हामीसँग रु ९० करोड मात्रै थियो।

ठूलो वित्तीय संस्था भए पनि आवश्यकता अनुसार पूँजी वृद्धि हुन सकेको थिएन। दायित्व अनुसारको ब्याकअपमा पूँजी हुनुपर्ने थियो। सोही अनुसार रु पाँच अर्ब २० करोड बराबरको चुक्ता पूँजी पुऱ्याएका छौं। हकप्रद शेयर दिएर पूँजी वृद्धि गऱ्यौं। म आउँदा रु एक खर्ब ११ अर्ब बराबरको निक्षेप रहेकोमा बढेर हाल रु दुई खर्ब २० अर्ब भन्दा बढी भएको छ। निक्षेपको बचत दर पनि राम्रो छ। सरकारी, सङ्संस्थाका कर्मचारीको मात्रै जम्मा हुने खालको कार्यक्रम मात्रै थियो। सर्वसाधारणलाई पनि जोड्नुपर्छ नागरिक लगानी कोषसँग भनेर नागरिक पेन्सन कार्यक्रम भनेर अगाडि बढायौं। उमेरमा कमाएको पैसाबाट बचत गर्न सक्ने वा स्वरोजगारमा रहेका व्यक्तिहरू नै किन नहुन्, उनीहरूलाई त्यसमा संलग्न गराउन सकियो भने आफूले कमाएको पैसाबाट आफैं पेन्सन लिन सक्ने वातावरण बनेको छ। कोषको ऐनले नै नेपालको पूँजीबजारको विस्तार विकासका लागि कोषले भूमिका खेल्न सक्छ भन्ने प्रस्ट व्यवस्था गरेको छ। त्यसका लागि काम भएको थिएन। शेयर बिक्री प्रबन्धक र प्रत्याभूतिकर्ताको मात्रै काम गरिरहेको अवस्था थियो। अहिले पूँजी बजारलाई केही मात्रामा भए पनि स्थायित्व प्रदान गर्नका लागि रु पाँच अर्ब चुक्ता पूँजी भएको नागरिक स्टक डिलर भन्ने कम्पनी स्थापना गरेर काम अगाडि बढायौं। म आउँदा विभिन्न आन्तरिक कारणले तीन वर्षदेखि साधारणसभा र लेखापरीक्षण हुन सकेको थिएन। त्यो नियमित भएको छ। थप पाँचवटा शाखा कार्यालय खोलिएको छ।

हाल कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोष उस्तै प्रकृतिका कोषहरू सञ्चालनमा छन्। यी तीनवटै संस्था एकापसमा मिलाएर एउटा सबल संस्था बनाउन सकिन्न र ?

–त्यसरी एकापसमा गाभ्दा एकाधिकार प्राप्त संस्था जन्मने खतरा रहन्छ। त्यहाँ सेवा सुविधामा प्रतिस्पर्धा हुँदैन। मलाई के लाग्छ भने सेवाग्राहीले प्रतिस्पर्धात्मक तवरबाट सेवा सुविधा पाउनुपर्छ। कर्मचारी सञ्चय कोष शत प्रतिशत सरकारको लगानीमा स्थापित भएको संस्था हो। सामाजिक सुरक्षा कोष पनि सोही प्रकृतिको संस्था हो। नागरिक लगानी कोषमा भने तीन प्रकारका लगानीकर्ता छन्। यसमा नेपाल सरकारको २३ प्रतिशतमात्र लगानी छ। बैंक तथा वित्तीय संस्थाको १५.११ प्रतिशत बराबरको शेयर छ। कर्मचारी सञ्चय कोषको ३१ प्रतिशत, नेपाल स्टक एक्सचेन्जको १० प्रतिशत बराबर शेयर छ। यसैगरी सर्वसाधारणको २० प्रतिशत शेयर छ। यो संस्था पिपिपी मोडलको संस्था हो। यसमा सरकार, सार्वजनिक संस्थान, बैंक तथा वित्तीय संस्था र सर्वसाधारणको पनि पैसा छ। भोलि एउटै संस्था हुँदा यी सबै क्षेत्रलाई कसरी मिलाउने भन्ने प्रश्न आउन सक्छ। मलाई लाग्छ, यस खालको संस्था आवश्यक छ र हुनुपर्छ। यो स्वयंसेवीरूपमा निरन्तर बचत गर्ने खालको संस्था हो। यो ट्रस्टी मोडलमा चलेको संस्था हो।

प्रतिफल कम हुँदा आम मानिस कोषमा आकर्षित भएनन् भन्ने गुनासो पनि उत्तिकै छ ?

– यस अघि सेवाग्राहीलाई थप प्रतिफल दिइएको थिएन। हरेकको छुट्टाछुट्टै वित्तीय विवरण हुन्छ। फरक फरक प्रकृतिका आठ/नौवटा विवरण बनाउनुपर्ने हुन्छ। प्रत्येकको नाफा नोक्सान हेरेर हरेक वर्ष थप प्रतिफल दिन्छौं। त्यसमा ब्याजबाहेक अरू थप प्रतिफल पनि हुन्छ। गत वर्ष हामीले १.५ प्रतिशत र यस वर्ष पनि सोही बराबर प्रतिफल दियौं। यसबाट के भयो भने बजारको ब्याजदरभन्दा उहाँहरूले जम्मा गरेको पैसामा हामीले दिएको ब्याज बढी हुन जान्छ। हाम्रोमा मासिकरूपमा रकम जम्मा गर्ने एउटा कार्यक्रम छ। एकमुस्ट रूपमा मुद्दतीमा राखेजस्तो होइन। त्यसमा पनि हामीले आठ प्रतिशत बराबरको ब्याज वा प्रतिफल दिएका छौं। हामी १.४ प्रतिशत बराबरको स्प्रेडमा काम गरिरहेका छौं। यो भनेको असाध्यै कम हो। बैंक तथा वित्तीय संस्थाका लागि नेपाल राष्ट्र बैंकले तोकेको स्प्रेड दर भनेको ४.४३ प्रतिशत हो। हामी जति सक्छौं बढीभन्दा बढी सहभागीलाई नाफा दिनुपर्छ र लगानी अनुसारको प्रतिफल दिनुपर्छ भन्नेमा सचेत छौं।

कोषले जे जति मात्रामा नयाँ–नयाँ कार्यक्रम ल्याउनुपर्दथ्यो र सहभागीहरू बढाउनुपर्दथ्यो त्यो भने गर्न नसकेको गुनासो पनि सुनिन्छ नि ?

–विभिन्न निकाय र क्षेत्रमा अपेक्षा धेरै हुन्छ। नागरिक लगानी कोषका केही बाध्यता पनि हुन सक्छन्। हामीले जनशक्तिको कुरा गर्दा सम्पूर्ण कर्मचारी लोक सेवा आयोगबाट लिनुपर्छ। थोरै जनशक्तिबाट काम गरिराख्नुपरेको छ। पहिलेदेखि साधारणसभा नभएर हिसाब किताब नमिलेर बसिरहेको अवस्थामा त्यसलाई नियमित गर्नुपर्छ नै। सूचना प्रविधि राम्रो थिएन, त्यसलाई पनि व्यवस्थित गर्नुपर्ने थियो। नयाँनयाँ काम गर्दा नमिलेको हिसाबमा नयाँ ल्याएर थप्ने मात्रै हुने भयो। पहिलेको हिसाब मिलाएर नयाँ कार्यक्रम ल्यायो भने मात्रै सफल हुने भइयो। अब भने केही नयाँ कार्यक्रम अगाडि बढाउनुपर्छ भन्ने निष्कर्षमा हामी पुगेका छौं। एसेट म्यानेजमेन्ट कम्पनी र वैदेशिक रोजगारमा गएका नेपालीलाई जोड्ने कार्यक्रम सञ्चालन गर्नैपर्छ। त्यसबाट अनौपचारिक क्षेत्रबाट आइरहेको पैसा औपचारिक क्षेत्रबाट नै आउन सक्छ। त्यसले सकारात्मक ऊर्जा प्रवाह गर्छ।

नागरिक लगानी कोषजस्ता संस्थाले बजारमा सकारात्मक हस्तक्षेप गर्न सकेको भए बजारमा ब्याजदर क्रमशः घट्ने अवस्था आउँथ्यो। तर, यसतर्फ कुनै पनि प्रयास गर्न नसक्नु भएको हो ?

–हाम्रा सीमा छन्। हामीले सहभागीलाई बढी सुविधा दिने हो। अरूलाई धेरै हामीले समेट्न सक्दैनौं। बैंक तथा वित्तीय संस्थाले जस्तो खुलारूपमा बचत तथा कर्जा कार्यक्रम सञ्चालन गर्न सक्दैनौं। बाहिरका निजी क्षेत्रले जस्तो कर्जा प्रवाह गर्न सक्दैनौं। बचतकर्तालाई आवास कर्जा, शैक्षिक कर्जा, सरल कर्जा, धितोमा आधारित घडेरी कर्जामा बैंक तथा वित्तीय संस्थाले


नागरिक लगानी कोषका निर्देशक रमण नेपाल

दिएकोभन्दा कममा कर्जा दिएका छौं। आमरूपमा सबैलाई कर्जा दिने हाम्रो कार्य क्षेत्र होइन।

कोषको ठूलो हिस्सा मुद्दती निक्षेपमा राख्नुभएको छ र ब्याज आम्दानी गरेर बसिराख्नुभएको छ। यस आधारमा हेर्दा तपाईंहरूको केही दायित्व हुँदैन ?

–म यस संस्थामा आउँदा कुल पोर्टफोलियोको ६५ प्रतिशत बराबर रकम मुद्दती निक्षेपमा थियो। त्यसलाई बिस्तारै कम गरेर ५० प्रतिशतमा झारिएको छ। कुल स्रोत परिचालनको हिस्साका आधारमा हेर्दा सहभागीलाई कर्जा सापटी नै बढाएका छौं। दोस्रोमा पूँजी बजारको विकास गर्नुपर्छ भन्ने सरकारको मान्यता अनुसार नै हामीले त्यसका केही औजारहरूमा लगानी गऱ्यौं। स्टक डिलर स्थापना गर्नेदेखि ऋणपत्रहरूमा लगानी गर्ने, बैंक तथा वित्तीय संस्थाको संस्थापक शेयरमा पनि लगानी गर्ने, सर्वसाधारणका लागि बिक्री गरिएका शेयरसमेत खरीद गऱ्यौं। एकतिर मात्रै लाग्यौं भने भोलि कुनै क्षेत्रमा समस्या आयो भने यत्रो बचतकर्ताको पैसा जोखिममा पर्छ। सहभागीलाई दिने सुविधा त मुद्दती निक्षेपमा भएको पैसाभन्दा अन्यत्र लगानी भएको पैसाबाट बढी ल्याउनुपर्छ भनेका छौं। त्यसैले बिस्तारै लगानी अन्य क्षेत्रतर्फ विस्तार गर्दैछौं।

जुन उद्देश्यका साथ नागरिक स्टक डिलरको स्थापना गरिएको थियो, त्यस अनुसार काम हुन नसकेको गुनासो पनि सुनिएको छ नि ?

–सरकारको वित्तीय क्षेत्र विकास रणनीति अनुसार नै पूँजी बजारलाई अलिकति भए पनि व्यवस्थित गर्ने उद्देश्यका साथ नागरिक स्टक डिलर स्थापना गरेका हौं। जतिबेला सो संस्था बनायौं, त्यतिबेला एउटा ठूलो बास्केट फन्ड बनाएर लगानी गर्ने भन्ने हो। शेयर बजारमा नेप्से परिसूचक उकालो लागिरहेको बेला अरू कसैले शेयर कारोबार नगरोस् भन्ने मानसिकता पनि हाम्रोमा छ। लगानीकर्ताले नाफा जति आफैं राखौं भन्ने सोच रहन्छ। यो मानवीय स्वभाव पनि हो। तर, जब बजार घट्न थाल्छ र घाटा हुन थाल्छ तब मात्रै जोगाउने कुनै क्षेत्र भइदिनुपऱ्यो भन्ने आवाज उठ्न थाल्छ। लगानी गर्दा जोखिम हुन्छ भन्ने मूल्याङ्कन गरेर मानसिकरूपमा तयार भएर नै बजारमा पस्नुपर्छ। हाम्रोमा के भयो भने शेयर बजारमा लगानी गरेर जब नाफा कमाउन थाल्छ, उसले कहीं कतै बोल्दैन, तर जब घाटा हुन थाल्छ तब मात्रै बोल्ने अवस्था बनेको छ। स्टक डिलरले आफ्नै हिसाबले काम गर्दैछ। बढेको बेला पनि अत्यधिक बढ्न नदिने र घटेको बेला पनि धेरै घट्न नदिने परिस्थिति सिर्जना गर्न लागेका छौं। बास्केट फन्ड बनाएर पनि हामी अगाडि बढ्दैछौं। स्थापना भएको दुई वर्षमा नै बजारमा पूराका पूरा हस्तक्षेप गरेर जाने अवस्था छैन। यसको क्षमताले भ्याउनु पनि पऱ्यो। यो पहिलो डिलर हो। यसले बिस्तारै गति लिन्छ।

शेयर प्रत्याभूतिकर्ताको रूपमा कोषले पनि काम गरिरहेको छ। तर पछिल्लो पटक एक सिमेन्ट कम्पनीको शेयरलाई लिएर कोषको पनि चर्को आलोचना भयो, यसलाई कसरी लिनुहुन्छ ?

– धितोपत्र बोर्डले प्रत्याभूतिकर्ता खोजेर ल्याऊ भनेर नियममा नै व्यवस्था गरेको छ। त्यस अनुसार हामीले पनि केही शुल्क लिएर गर्छौं। बोर्डले चार प्रतिशत बराबरको शुल्क लिन पाउने व्यवस्था गरेको छ। त्यो पनि ठूलो मात्रामा हुन्छ। हामीले पनि कम्पनीको वित्तीय तथा सबै सूचक हेरेर विश्लेषण गर्छौं। हामीले बजारको मूल्याङ्कन गरी अरू शेयरको अवस्था पनि हेर्छौं। घोराही सिमेन्ट गत वर्षको असारभन्दा अगावै शेयर प्रत्याभूतिकर्ताको जिम्मा लिएका थियौं। त्यतिबेला बजारमा शिवम् सिमेन्टको बजार मूल्य नौ सय रुपियाँ बराबर थियो। हामीले अन्डर राइटको निर्धारण गर्दा र धितोपत्र बोर्डले निर्णय गर्दा यतिसम्म गर्न सक्छस् भनेर अगाडि बढ भनेको अवस्थामा हामीलाई रु ४३५ मूल्य राखेर प्रस्ताव लिएर आयो। हामीले सो मूल्य राख्दा घाटामा जाँदैनौं भन्ने थियो। सबै विवरण हेर्दा हामी घाटामा पर्दैनौं भनेर अन्डरराइट गऱ्यौं। विभिन्न समूहले त्यसलाई विवादित बनाए। जति बेला धितोपत्र बोर्डले शेयर बिक्रीको अनुमति दियो त्यति बेला अनेक कारणले बिक्री हुने वातावरण बनेन। बोर्डले अन्डरराइटर र रेटिङ कम्पनीले प्रभावकारी काम गरेन भनेर विवाद निकालिदियो। बजारको अवस्था नै परिवर्तन हुँदा बिग्रने अवस्था पनि आयो। आफूले गरेको काममा हामी पूर्ण जिम्मेवार छौं। बजारमा नबिकेको भए पनि हामी सो कम्पनीको सबै शेयर स्वीकार गर्थ्यौं उत्पादनमूलक क्षेत्रमा आएको उद्योगलाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ सो कम्पनीको शेयर स्वीकार गरेका थियौं। विभिन्न व्यवसायीको अस्वाभाविक प्रतिस्पर्धाका कारण सो विषय धेरै माथि उचालियो। आखिरी पछिल्लो समय त्यसमा खासै विवाद देखिएन।

कोषले शेयर प्रत्याभूति गर्दा समस्यामा परेको त्यस्तै अन्य उदाहरण पनि छन् कि ?

–हामीले केही शेयर भने उठाउनु परेको छ। त्यसबाट हामीलाई समस्या भएन, बरु फाइदा नै भयो। हामीले विभिन्न बैंकको ऋणपत्रको शेयर प्रत्याभूति गऱ्यौं। बजारको मुद्दती निक्षेपभन्दा बढी ब्याज भएका ऋणपत्र स्वीकार गऱ्यौं। बैंकको ब्याजदर घटेर आठ प्रतिशत बराबर आएको छ। हामीले सकारेको ऋणपत्रको ब्याजदर १० प्रतिशतमाथि छ। यसले संस्थालाई वर्षको रु २५ करोडभन्दा बढी आम्दानी भएको

# नदी तटीय क्षेत्रमा उच्च सतर्कता अपनाउन अनुरोध

काठमाडौं, २८ साउन/रासस

अविरल वर्षाले नदीमा पानीको बहाव बढ्ने भएकाले नदी तटीय क्षेत्रमा उच्च सतर्कता अपनाउन जल तथा मौसम विज्ञान विभाग, बाढी पूर्वानुमान महाशाखाले अनुरोध गरेको छ। गएरातिदेखि भइरहेको अविरल वर्षाले कोशी, मधेस, बाग्मती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश भई बग्ने ससाना नदीहरूमा आकस्मिक बहावको जोखिम रहेकाले तटीय क्षेत्रमा उच्च सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको हो।

महाशाखाले जारी गरेको बाढी पूर्वानुमान बुलेटिनमा नारायणी, कर्णाली, बाग्मती, पूर्वी राप्ती, पश्चिम राप्ती, बबई, महाकाली नदी र यसका सहायक नदीहरूको जलसतह सतर्कता आसपास पुग्न सक्ने तथा केहीमा खतराको तह आसपास वा माथि पुग्न सक्ने पूर्वानुमान रहेकाले तटीय क्षेत्रमा उच्च सतर्कता अपनाउन अनुरोध गरिएको छ।

आज इलाम, झापा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, काठमाडौं, भक्तपुर, ललितपुर, मकवानपुर, रौतहट, पर्सा, बारा, चितवन, नुवाकोट, रसुवा, धादिङ, गोरखा, लमजुङ, तनहुँ, बागलुङ, गुल्मी, अर्घाखाँची, प्यूठान, रूकुम पूर्व, रूकुम पश्चिम, जाजरकोट, सल्यान, दाङ, बाँके, बर्दिया, कालीकोट, बाजुरा, बझाङ, दार्चुला, बैतडी, सुर्खेत, दैलेख, अछाम, डोटी, डडेल्धुरा, कैलाली, कञ्चनपुर र आसपास भई बग्ने केही ससाना नदीहरूमा आकस्मिक बहावको अवस्था देखिएको छ।

साथै, मोरङ, सुनसरी, पाँचथर, ताप्लेजुङ, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, कास्की, स्याङ्जा, पर्वत, म्याग्दी, नवलपरासी, रूपन्देही, कपिलवस्तु, पाल्पा र आसपास भई बग्ने केही ससाना नदीहरूमा बहाव बढेको बाढी पूर्वानुमान महाशाखाले अनुमान गरेको छ।

भोलि सोमवार देशभरका ससाना नदीहरूको बहाव बढ्ने तथा बाग्मती, गण्डकी, लुम्बिनी, कर्णाली, सुदूरपश्चिम प्रदेश भई बग्ने केही ससाना नदीहरूमा आकस्मिक बहावको जोखिम रहने पूर्वानुमान रहेको छ। यही साउन ३० गते लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश भई बहने केही ससाना नदीहरूमा बहाव बढ्ने पूर्वानुमान गरिएको छ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार आज देशका अधिकांश स्थानमा हल्कादेखि मध्यम वर्षा भएको छ। कोशी, बाग्मती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका थोरै साथै मधेस प्रदेशका एक/दुई स्थानमा मेघगर्जन/चटयासहित भारीदेखि धेरै भारी वर्षाको समेत सम्भावना रहेको छ।

मनसुनको न्यूनचापीय रेखा सरदर स्थानभन्दा उत्तरतिर (नेपालनजीक) अवस्थित रहेको छ। साथै भारतको उत्तरपूर्वी उत्तर प्रदेश तथा उत्तर पश्चिम बिहार आसपासमा रहेको न्यूनचापीय प्रणालीको पनि प्रभाव रहेकाले नेपालमा मौसममा बदली भई वर्षा गराएको महाशाखाले उल्लेख गरेको छ।

# हेटौंडा–काठमाडौं छोटो दूरीका सबै सडक अवरुद्ध

मनहरि (मकवानपुर), २८ साउन/रासस

हेटौंडाबाट काठमाडौं जाने छोटो दूरीका सबै सडक पहिरोका कारण अवरुद्ध भएका छन्। गए रातिदेखि परेको अविरल वर्षाका कारण हेटौंडा–भैंसे–भीमफेदी सडकखण्ड पहिरोको कारण अवरुद्ध भएको हो।

भीमफेदी–२ भैंसे बजारबाट दुई किलोमिटरको दूरीमा पहिरो खसेकोले सडक सञ्चालन अवरुद्ध भएको प्रहरीले जनाएको छ। त्यस्तै कुलेखानी–सिस्नेरी–काठमाडौं सडकखण्ड पनि, पहिरोले गर्दा अवरुद्ध भएको छ। मकवानपुरको इन्द्रसरोवर गाउँपालिका–३ भालुडाँडास्थित कुलेखानी–सिस्नेरी–काठमाडौं सडकखण्डमा पहिरो खस्दा बाटो अवरुद्ध भएको हो। त्यस्तै त्रिभुवन राजपथको भीमफेदी–९ लामीडाँडा क्षेत्रमा खसेको पहिरोका कारण सडक अवरुद्ध भएको जनाइएको छ।

अविरल वर्षा भइरहेकोले पहिरो हटाउन समस्या भइरहेको मकवानपुर ट्राफिक प्रहरी प्रमुख प्रहरी निरीक्षक वसन्त आचार्यले बताए। त्यस्तै, कान्तिलोक पथ पनि बकैया गाउँपालिका–११ आँपचौरमा पहिरो खस्दा सडक अवरुद्ध भएको प्रहरीले जनाएको छ। हेटौंडा–काठमाडौं जाने यात्रुलाई वैकल्पिक बाटो प्रयोग गर्न प्रहरीले आग्रह गरेको छ।

भारी वर्षाका कारण हेटौंडा–४ हुँदै बग्ने कर्रा खोलामा आएको बाढी बस्तीमा पसेको छ। गर्दोही क्षेत्रमा रहेका केही घर डुबानमा परेको प्रहरीले जनाएको छ। खोलामा पानीको बहाव बढ्ने क्रममा रहेकोले उक्त क्षेत्रमा सुरक्षित स्थानमा जान प्रहरीले जानकारी गराएको छ। विगतमा पनि भारी वर्षात्को बेला उक्त क्षेत्र डुब्दै आइरहेको छ।

# मनाङको अवस्था : ३५ किलोमिटरमा ३५ पहिरा

मनाङ, २८ साउन/

हिमाली जिल्ला मनाङमा आवतजावत पूर्णरूपमा अवरुद्ध भएको छ। डुम्रे–बेंसीशहर–चामे सडक अन्तर्गत लमजुङको बेंसीशहर नगरपालिका–६ खरखरेमा ट्र्याक भासिएपछि आवागमन अवरुद्ध भएको हो। शुक्रवारदेखि परेको निरन्तर वर्षाका कारण यस सडकखण्डमा आवतजावत रोकिएको आयोजना कार्यालयले जनाएको छ।

यस सडकखण्ड अन्तर्गत लमजुङतर्फ बेलौती बिसौना, खरखरे, रामबजार, घोप्टे भीर, च्याम्चेलगायतका स्थानमा पहिरो खसेको आयोजना कार्यालयका सबइन्जिनियर सुमन अधिकारीले जानकारी दिए। उनले भने, "केही स्थानमा पहिरो खसेर अवरुद्ध भएका छन् भने खरखरेमा ट्र्याक नै भासिएको छ, यसले मनाङ आवतजावत ठप्प भएको छ।"

सडक सञ्चालनका लागि विभिन्न स्थानमा पहिरो पन्छाउने काम गरिरहेको उनले बताए। निरन्तर वर्षा भइरहेकाले पहिरा पन्छाउन समस्या भइरहेको भन्दै उनले सडक सञ्चालनका लागि प्रयास जारी रहेको जानकारी दिए। सडकमा खसेका ढुङ्गा, माटो फाल्दै गर्दा माथिबाट पहिरो खसिरहेको जनाउँदै सबइन्जिनीयर अधिकारीले जोखिम मोलेरै काम गरिरहेको बताए।

यस सडकखण्ड अन्तर्गत मनाङतर्फभन्दा लमजुङतर्फ बढी पहिरो खसेको उनले जानकारी दिए। "लमजुङतर्फ ३५ किलोमिटर छ। किलोमिटरपिच्छे ३५ पहिरा खसेका छन्," उनले भने।

प्रमुख जिल्ला अधिकारी सुप्रभा खनाल ढुङ्गेलले मनाङमा वर्षा नभए पनि लमजुङतर्फ निरन्तर वर्षा भइरहेको बताइन्। उनले पहिरोका कारण सडक अवरुद्ध रहेकाले पुनर्सञ्चालनका लागि पहल भइरहेको जानकारी दिइन्।

# जनकपुरधाम : विवाह भूमिको रूपमा ‘ब्रान्डिङ’को सम्भावना

विचार



हिमांशु चौधरी

जनकपुरधामको विकासका लागि स्थुल र सूक्ष्म दुई आधार महत्त्वपूर्ण परिलक्षित हुन्छ। स्थुल आधार अन्तर्गत विद्यमान भौतिक संरचनाको ऐतिहासिक, धार्मिक, पुरातात्त्विक र पर्यटकीय महत्त्व रहिआएको छ। यी स्थलको खोजी, पहिचान र संरक्षणसहित पर्यटकीय गन्तव्यका रूपमा प्रवर्द्धन गर्न सुन्दर संरचनाका लागि सुन्दर नक्शा नै कोर्नुपर्ने यथार्थतर्फ ध्यानाकर्षण गराइरहेको छ। यसका लागि ‘ब्रान्डिङ’का विषयलाई सम्भाव्यका रूपमा लिन सकिन्छ। त्यस्तै, सूक्ष्म सम्पदाका रूपमा मैथिली लोककला, संस्कृति र परम्पराप्रतिको आकर्षण विद्यमान छ। मूलतः इतिहास, पुराण प्रसिद्ध जनकपुरधाम विश्वविख्यात वैदिक संस्कृतिको आस्था रहेको हुनाले यस पवित्र भूखण्डको महत्त्व र मर्यादा सनातन संसारका लागि गौरवको विषयवस्तु बनेको छ।

जनकको प्राचीन मिथिला राज्यको राजधानी, भगवान् रामको ससुराली, वृहदारण्य, विदेहभूमि, नैमिकानन, शाम्भवी, तपोवन, स्वर्णलाङ्ल र जानकी जन्मभूमि, तीरभुक्ति, विश्वभाविनी नामले धार्मिक पर्यटनका क्षेत्रमा विशिष्ट स्थान ओगटेको छ। उच्च सभ्यता, ज्ञानविज्ञान र धनधान्यको केन्द्र, शास्त्र लेखन, कला, यज्ञ, तप, तत्त्व चिन्तन र दर्शनमाथि कर्मकाण्ड, विद्वान्, विदुषिकोसभा, गोष्ठी, शास्त्र चर्चा, प्रश्नोत्तर र शास्त्रार्थको केन्द्रले परिचित छ। मिथिला शब्दमा मैथिलीको वैचारिक स्वरूप निहित छ। मिथको अर्थ प्रशस्ति, गुणगान र इलाको अर्थ बुद्धि र शक्ति हुन्छ। जनकपुरकै पुण्य भूमिको कोखबाट प्रादुर्भूत जानकीको शील, सहिष्णुता, स्वाभिमान र समर्पणले सनातन सभ्यता र संस्कृतिको विकास क्रममा नयाँ मूल्य मान्यताको स्थापना गरेको छ।

त्रेता युगमा आदर्श नारीको जानकीको विवाह मर्यादा पुरुषोत्तम रामसँग हुनुले पनि जनकपुरधामको महिमा मण्डित छ। कल्याणस्वरूप, सत्यस्वरूप भगवान्का रूपमा पूजा राम र सत्यस्वरूपा देवीका रूपमा पूजा सीता पुण्यदायक र मोक्षदायक शब्द भएकाले पनि यहाँ आयोजना हुने रामजानकी विवाह महोत्सवमा लाखौं श्रद्धालु सहभागी भई वैवाहिक क्षणको अलौकिक दृश्य हेर्दै जयजयकार गर्छन्। भागवत् पुराणका अनुसार राम परब्रह्म हुन् भने जानकी लक्ष्मीको अवतार हुन्। जानकी मन्दिर परिसरमा हुने गरेको वैवाहिक क्षण अन्तर्गत कन्यादान विधिको कारुणिकताले त्रेतायुगीन विवाहोत्सवको क्षण प्रकट भएको अनुभूति हुन्छ। यी पृष्ठभूमिलाई विवाह भूमि ‘ब्रान्डिङ’का लागि महत्त्वपूर्ण आधार मान्न सकिन्छ। तुलसीदासद्वारा लिखित रामायण अनुसार त्रेता युगमा बाह्र बिघामा नै धनुष यज्ञ हुँदा भगवान् रामले धनुषमा ताँदो चढाउँदा शिव धनुष खण्डित भएको थियो। यसपछि राजा जनकले विवाह मणिमण्डपमा वैवाहिक उत्सवको आयोजना गराएको ग्रन्थमा उल्लेख छ।

> **जैनहरूका २४औं तीर्थाकरको जन्म जनकपुरमैं भएको थियो। अन्तिम तीर्थकर महावीरका एउटा गणधर जनकपुरकै थिए। महावीर स्वयंले जनकपुरमा छ वर्ष बिताएको र बुद्ध पटक–पटक आएको प्रसङ्ग पाइन्छ। बौद्धको १५ जातकमा पनि जनकपुरको वर्णन छ।**

भगवान् विश्वकर्माले जानकीको विवाहका लागि मणिजडित मड्वा निर्माण गरेकै कारणले वैवाहिक मड्वाको नाम मणिमण्डप हुन गएको जनश्रुति छ। राजा जनककी पत्नी सुनयनाले मणिमण्डप भएकै स्थानमा बजार लगाएकी थिइन्, जसलाई सर्वसाधारणले रानी बजारको रूपमा पहिचान गरेका छन्। राजा जनकको दरबारको क्षेत्रफल १५ कोश रहेको विश्वास गरिन्छ। पन्ध्रकोशे दरबारमा ५२ वटा गल्ली रहेकासमेत बताइन्छ। विभिन्न शोधले दरबारको बीच आँगनका रूपमा जनकपुरको पिडारी गाउँलाई आधार बनाउने गरेको छ। सोही बमोजिम राजा जनकले जानकीको विवाह गर्दा बीच आँगनमा मड्वा निर्माण गर्न लगाएका थिए, जसलाई मणिमण्डपको संज्ञा दिइएको छ। मणिमण्डपको छेउमैं सीताले वैदिक परम्परा अनुसार विवाहको क्रममा लाबा छरेको स्थल वेदी रहेको छ। वेदी रहेको स्थानमा अझै दैविक शक्ति विद्यमान रहेको विश्वास छ। त्यस स्थानमा रातो रङ्गको माटो स्वस्फूर्त निस्किने गरेको र त्यो माटोलाई सिन्दूरका रूपमा प्रयोग गर्न घुइँचो लाग्ने गरेकोले पनि यसको पौराणिकतालाई पुष्टि गर्दछ।

त्यसको उत्तरपट्टितर्फको पोखरीलाई जानकीले विवाहपछि आँखा पखालेको स्थल रहेको विश्वास गरिन्छ। पोखरीको पानी अझै कालो नै छ। पानी सतहमुनिको माटोसमेत गाजलु देखिने गरेको छ। पर्यटन मानवीय गतिविधि हो। धार्मिक क्षेत्रलाई पर्यटनको अभिन्न अङ्ग मानिन्छ। धार्मिक पर्यटन पर्यटनको पुरानो गतिविधि भएपनि नयाँ आयामका रूपमा स्थापित भएको छ। जानकी र बुद्धको जन्मथलो भएर पनि नेपालमा धार्मिक पर्यटनको प्रतिफल लिन यथेष्ट प्रयास भएको कमै देखिन्छ। मानव सभ्यतासँगै धार्मिक क्रियाकलापको विकास भएको देखिन्छ। जनकपुरमा पर्यटनको आरम्भको लिखित कथा पौराणिककालदेखि नै पाइन्छ। पौराणिक ग्रन्थका आधारमा जनकपुर आउने पहिलो पर्यटक विदेह माधव हुन्। शत्पथ ब्राह्मण ग्रन्थमा विदेह माधवले नै आर्यहरूको प्रथम देवता वैश्वानर अग्निलाई आफ्नो मुखबाट प्रकट गरेको उल्लेख छ। त्यसपछि वैदिक र औपनिषदिक ऋचाहरूको रचना गर्ने ऋषिहरूको आगमनको प्रसङ्ग पाइन्छ। याज्ञवल्क्य, अष्टावक्र, गार्गी, मैत्रेयी आदि जनक दरबारमा मीमांसाका लागि पर्यटककै रूपमा आएर आश्रमसमेत बनाएको चर्चा छ। भनिन्छ, कृति जनकको राजसभामा कोशल तथा कुरु प्रदेशबाट आएका विद्वान्हरू अश्वल, जरत्कारव, याज्ञवल्क्य, भुज्यु, उशस्तु गार्गी, आरुणि आदि विद्वान्हरू रत्नबाट अलङ्कृत थिए।

जैनहरूका २४औं तीर्थाकरको जन्म जनकपुरमैं भएको थियो। अन्तिम तीर्थकर महावीरका एउटा गणधर जनकपुरकै थिए। महावीर स्वयंले जनकपुरमा छ वर्ष बिताएको र बुद्ध पटक–पटक आएको प्रसङ्ग पाइन्छ। बौद्धको १५ जातकमा पनि जनकपुरको वर्णन छ। विभिन्न प्रकरणमा स्वयम् भगवान् श्रीकृष्ण जनकपुर तीनपटक आएको प्रमाण महाभारतमा उल्लेख छ। सुफी सन्तहरूको कर्म क्षेत्र रहेको आधारमा मुसलमानहरूका लागि पनि यो भूमि परम पावन रहेको छ।

बज्जिसङ्घको सदस्य भएपछि यहाँ बौद्ध धर्मावलम्बीको ओइरोको उल्लेख छ। सन् ६४३ तिर चिनियाँ यात्री हुएनसाङ जनकपुरतिर पनि आएको कुरा उनले आफ्नो यात्रा वृतान्तमा चर्चा गरेका छन्। पृथ्वीनारायाण शाहको राज्य एकीकरण अभियान अन्तर्गत काठमाडौं राज्य जयप्रकाश मल्लले बचाउन शाहको विरोधमा अङ्ग्रेजलाई उचाल्दा सन् १७७५ मा किनलकको नेपाल प्रवेश जनकपुर हुँदै भएको कुरा इतिहासबाट प्रमाणित छ। पश्चिमेली नागरिकमा जनकपुरमा सन् १९६४ तिर आउने अमेरिकी पिसकोर स्वयंसेवक अर्नोल्ड दम्पत्ती पहिला हुन्। त्यसपछि जनकपुर चुरोट कारखाना भवन निर्माणको क्रममा रूसी नागरिकको आगमन भएको देखिन्छ। यस्तै, अमेरिकी महिला क्लेयर बर्कटले कुवामा महिला विकास केन्द्रको स्थापना गरी मिथिला चित्रकलाको अन्तर्राष्ट्रिय बजारमा प्रसिद्धि दिलाएको पाइन्छ।

योजनाबद्धरूपमा जनकपुरलाई पर्यटन केन्द्रको रूपमा विकसित गर्ने प्रयास कुनै पनि पक्षबाट भएको देखिंदैन। जनकपुरको आत्माको रूपमा रहेको धर्म र संस्कृतिको जादूले मात्र आजसम्म स्वतः तानिएर पर्यटक जनकपुर आउने गरेका छन्। यस भावभूमिमा नीलम सञ्जीवा रेडी, ज्ञानी जेल सिंह, अटलबिहारी बाजपेयी, नरसिंह रावलगायतका भारतीय वरिष्ठ नेता र राजनीतिकर्मीहरूको जनकपुर आगमन भएको थियो। यसमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा जनकपुर र अयोध्याको प्राचीन सम्बन्धलाई दृष्टिगत गरी घोषणा गरिएको रामायण सर्किट परियोजना ‘ब्रान्डिङ’ सन्दर्भलाई टेवा दिन सकिने दिगो आधार हुन सक्छ।

जनकपुरधामविना भारतको धाम र भगवान् राम पनि अधूरो रहने यथार्थताको पृष्ठभूमिमा समृद्ध सांस्कृतिक विविधताको संरक्षण अन्तर्गत मिथिलाको जनकपुरधाम र भारतको अयोध्याबीच सामाजिक, सांस्कृतिक र धार्मिक सम्बन्ध विस्तार, तीर्थाटनको प्रवर्द्धन गर्ने उद्देश्य राखी रामायण सर्किट परियोजना कार्यान्वयनमा छ। यसलाई जनकपुरधाम र अयोध्याको धार्मिक र सांस्कृतिक सम्बन्धलाई प्रगाढ र तीर्थयात्रीको ओइरो लाग्ने परियोजना त्रेता युगको विरासत गाथा, राम र जानकीको पाइला स्पर्श गरिएको क्षेत्रसँग जोड्ने भागीरथ प्रयास र पर्यटकीय विकासका फाँटमा आशाको किरण मानिएको छ।

सन् २०१४ मा भारतीय प्रधानमन्त्री मोदी नेपाल भ्रमणका क्रममा अयोध्या र जनकपुरको धार्मिक तथा सांस्कृतिक विकासका लागि गरिएको सम्झौताअनुरूप रामायण सर्किट रामको जीवनका तीनवटा अध्याय जन्म, विवाह र रावण वधसँग सम्बन्धित स्थलको तीर्थाटनमा आधारित परियोजना हो। भारतको पर्यटन मन्त्रालयबाट भारतभरि दर्शन योजना अन्तर्गत विकसित १३ विषयगत सर्किटमध्ये रामायण सर्किट पनि एउटा हो। यो परियोजनाभित्र अयोध्या, शृङ्गपुर, चित्रकुट, सीतामढी, बक्सर, नन्दीग्राम, जगदलपुर, भद्राचलम, रामेश्वरम्, हम्पी, नासिक र नागपुर छन् भने नेपालतर्फ जनकपुरधामलगायत राम र जानकीको जीवनगाथासँग जोडिएको धार्मिकस्थलको विकास समावेश छ। परियोजनाभित्र पोखरी, मन्दिर, मिथिलाको विरासत संरक्षण, रामायणकालीन तीर्थस्थललाई पर्यटनसँग आबद्ध गरी जनकपुर र अयोध्यालाई आर्थिकरूपमा सबल बनाउने मार्गचित्र रहेकाले यसलाई सभ्यता र संस्कृतिलाई जीवन्त तुल्याउने अतुल्य अभियान मान्न सकिन्छ।

जनकपुरधाम आउने ७० प्रतिशत भारतीय तीर्थयात्री हुने गरेकाले पनि परियोजना महत्त्वपूर्ण छ। सन् २०१८ मई १ मा भारतीय प्रधानमन्त्री मोदीको जनकपुर आगमनपछि जनकपुरमा भारतीय तीर्थयात्रीको वृद्धिले पनि यसको सार्थकतालाई सिद्ध गरिरहेको छ। रामायण सर्किट परियोजना अन्तर्गत दुईपटक विशेष रेलद्वारा भारतीय तीर्थयात्रीको जनकपुरधाम आगमन पनि भइसकेको छ। यसलाई स्वदेशी र विदेशी पर्यटकलाई मनोहर र पर्यटन अनुभव आदानप्रदान र पर्यटन परिपथ एकीकृत विकासको नयाँ पाइला पनि मानिएको छ। यसको एउटा पाटोका रूपमा भारतको अयोध्यामा निर्माणाधीन राम मन्दिरमा नेपालको देवशिलाको प्रयोग गरी तीर्थाटनको सूत्रलाई विस्तार गरिएको छ।

यसका अतिरिक्त वर्तमानमा विशिष्ट छविका रूपमा विकसित गर्न स्थललाई ‘ब्रान्डिङ’ गर्नु आवश्यक छ। जनकपुरधामलाई विवाह भूमि ब्रान्डिङ गरी देश र विदेशबाट नवजोडी विवाहका लागि गन्तव्य स्थलका रूपमा विकसित गर्नुपर्छ। (लेखक पत्रकार एवं मैथिलीभाषा, साहित्यका अध्यता हुन्।)



**लौका टिप्दै किसान :** घोराही उपमहानगरपालिका–६ गुरुवागाउँस्थित बारीमा बिक्रीका लागि लौका टिप्दै बाबुराम चौधरी। घोराही–१७ कर्जाहीका चौधरीले एक बिघा क्षेत्रफलको जग्गा भाडामा लिएर व्यावसायिकरूपमा लौकाखेती गरेका छन्। तस्बिर : कुलदीप न्यौपाने/रासस

## फरक समाचार

### विद्यार्थीलाई फोन दिन पूर्णरूपमा प्रतिबन्ध लगाइने

फोन अहिलेको संसारमा मानिसको लागि सबैभन्दा ठूलो रोग हो। तर यसले वयस्कभन्दा बालबालिकालाई बढी असर गरिरहेको छ। बालबालिकालाई फोनको यति लत लागेको छ कि उनीहरूबाट फोन खोसियो भने उनीहरूको ज्यान नै कसैले मागेको जस्तो लाग्छ।

वास्तवमा कोरोनाको समयमा सबै कुरा अनलाइन भयो। हरेक बालबालिकालाई



पढाइका लागि फोन दिइयो र सबैभन्दा ठूलो गलती यहीं भयो। बालबालिकाले पढाइका लागि दिएको फोनको सबैभन्दा बढी दुरुपयोग गरे। तर अब युनेस्कोले विश्वभरका विद्यालयमा फोनमाथि पूर्णरूपमा प्रतिबन्ध लगाउनुपर्ने बताएको छ। युनेस्कोले यसो गर्नुको पछाडि के तर्क छ, जानौं।

**के भन्छ युनेस्को ?**

संयुक्त राष्ट्रसङ्घको साझेदार संस्था युनेस्कोले हालै आफ्नो शिक्षामा प्रविधिसम्बन्धी प्रतिवेदन तयार गरेको छ। यसै प्रतिवेदनका आधारमा युनेस्कोले विद्यालयमा स्मार्टफोनमा पूर्ण प्रतिबन्ध लगाउनुपर्ने बताएको छ। स्पष्टरूपमा भन्नुपर्दा फोन विद्यार्थीहरूलाई दिनुहुँदैन। युनेस्कोले आफ्नो प्रतिवेदनमा गम्भीर चिन्ता व्यक्त गर्दै विद्यालयमा बालबालिकालाई मानव केन्द्रित दृष्टिकोणको आवश्यकता रहेको र डिजिटल प्रविधिले उपकरणको रूपमा काम गर्नुपरेको बताएको छ।

यस्तो हुनुहुँदैन कि फोन तपाईंमाथि यतिधेरै हाबी हुन्छ कि तपाईं फोनविना बाँच्न सक्नुहुन्न वा केही सोच्न सक्नुहुन्न। आजकालका बालबालिकामा यस्तै भइरहेको छ। उसले फोन लिने बित्तिकै ऊ पूरै खाली हुन्छ। अब के गर्ने भन्ने बुझ्दैनन्। सारा संसार उसको फोनमा मात्रै छ जस्तो लाग्छ।

**अर्को समस्या गलत जानकारी ?**

बालबालिकाले आफ्नो विद्यालयको समयमा जे पनि पढ्छन् वा सिक्छन्, यसले उनीहरूको जीवनमा आधारको रूपमा काम गर्छन्। तर फोनमार्फत इन्टरनेटको माध्यमबाट पढिरहेका बालबालिकामा उनीहरूले लिएको ज्ञान सही हो वा होइन भनेर कसले निर्णय गर्ने। युनेस्कोका मानोस एन्टोनिनिसले यूएन न्यूजसँग कुरा गर्दै विश्वका १६ प्रतिशत देशले मात्र कक्षाकोठामा डाटा गोपनीयताको कानूनीरूपमा ग्यारेन्टी गरेको बताए। जबकि अन्य देशमा यसैगरी मात्र चलिरहेको छ।

विद्यार्थीहरूका धेरै डाटा कुनै नियम वा नियन्त्रणविना प्रयोग गरिन्छ। वास्तवमा यी डाटा गैरशिक्षा उद्देश्य, व्यावसायिक उद्देश्यका लागि प्रयोग गरिन्छ, जुन विद्यार्थीहरूको अधिकारको उल्लङ्घन हो।

### १०० वर्ष अगाडिको दुनियाँ देखेर फर्किए यी व्यक्ति

ज्योतिषशास्त्रका अनुसार हामी कुनै पनि व्यक्ति वा समय कालको हजारौं वर्ष पहिले नै गणना गर्छौं। कैयौंपटक यी दाबीहरू सत्य पनि भएका छन्। तर एक व्यक्तिले आफू १०० वर्ष अगाडिको संसार देखेर फर्केको दाबी गरेका छन्।

त्यस बेलाका शहरहरू कस्ता हुनेछन्, भवनहरू कस्ता हुनेछन् र मानिसहरूको जीवनयापन कस्तो हुनेछ भनेर पनि उनले भविष्यवाणी गरेका थिए। यसका प्रमाण पनि उनले पेश गरेका छन्।

मिररको रिपोर्ट अनुसार अलेक्ज्यान्डर स्मिथ नामका यी ‘टाइम ट्राभलर’ले सन् २११८ मा संसार कस्तो रहनेछ भन्ने डरलाग्दो तस्वीर प्रस्तुत गरेका छन्। उनले सय वर्षअगाडिको संसार देखेर फर्कने पहिलो व्यक्ति भएको दाबी गर्दै



प्रमाणका रूपमा आफूसँग केही तस्वीर ल्याएका थिए। अलेक्जेन्डर स्मिथ भन्छन् कि उनी अमेरिकी गुप्तचर एजेन्सी सिआइएद्वारा गरिएको गोप्य प्रयोगको एक हिस्सा थिए। यसबारे बताउन निषेध गरिएको थियो तर आफ्नो ज्यान जोखिममा राखेर जानकारी दिइरहेका छन्। युटचुबमा एक भिडियोमा उनले सिआइएले आफूलाई खोजिरहेको दाबी गरेका छन्। त्यही भएर उनी लुकेर बसेका छन्।

आफूलाई ‘टाइम ट्राभलर’ दाबी गर्ने यी व्यक्तिले भने, म सन् २११८ मा सिआइएको गोप्य मिसनमा थिएँ। म भविष्यमा गएँ र फेरि फर्केर आएँ।यो सबै सन् २११८ मा भयो। भिडियोमा अलेक्जेन्डरले एउटा तस्वीर देखाउँदै भन्छन्, आज म केही देखाउन चाहन्छु। यो तस्वीर सन् २११८ मा खिचिएको हो। यो मैले भ्रमण गरेको शहरको तस्वीर हो। यो तस्वीर खिचेको समयलाई म कहिल्यै बिर्सनेछैन। धमिलो तस्वीरमा धेरै अग्ला, हरिया भवनहरू देखिन्छन्। तर तिनीहरूको आकार अनौठा छन्। अहिले संसारमा त्यस्तो शहर छैन।

स्मिथले भने, “मैले अहिलेसम्म कुरें किनभने मलाई थाहा थिएन कि यदि मैले यसबारे कुरा गरें भने मानिसहरूले सुन्नेछन् वा छैनन्। तपाईंले देख्नुहुनेछ कि यो शहर एकदम विकृत देखिन्छ। सरकारले मूल तस्वीर जफत गऱ्यो, तर मैले बनाएको प्रतिलिपि फिर्ता लिन नपाउँदै म भागें। अर्को शताब्दीमा संसार कस्तो हुनेछ ? यसको विवरण दिंदै वृद्ध स्मिथले त्यस बेला मानिसले एलियनसँग भेट गर्ने बताए। उनीहरू नयाँ भाषा बोलिरहेका देखिनेछन्। जलवायु परिवर्तनको अवस्था झन् बिग्रन्छ। स्मिथले भने, “एलियनहरू हामीलाई भेट्न आउँछन्। तिनीहरू धेरै बुद्धिमान् र अलौकिक प्राणी हुन्। २१औं शताब्दीको मध्यमा एलियन पहिलोपटक पृथ्वीमा आउनेछन्। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# प्रतिजासूसी कानून लागू गरेसँगै सम्बन्ध ओरालोतिर

बेइजिङ, २८ साउन/एएफपी

चीनले प्रतिजासूसी कानून कार्यान्वयन गरेसँगै अमेरिकासँग सम्बन्ध ओरोलो लागेको छ। जासूसी गतिविधिको परिभाषा विस्तार गर्दै त्यसमा अमेरिकीलगायत सबै विदेशीमाथि नजर



लगाउने विषय समेटिएको छ।

गत जुलाई १ मा बेइजिङले आफ्नो प्रतिजासूसी कानून संशोधन गरी त्यसलाई तत्काल कार्यान्वयन गरेपछि जासूसीलाई नै लिएर पहिलेदेखि बिग्रेको सम्बन्धमा थप चिरा परेको हो। विशेषगरी चीनमा लगानी गरेका धेरै अमेरिकी व्यवसायी नयाँ कानूनबाट आश्चर्यचकित भएका छन्।

चिनियाँ कम्युनिस्ट पार्टीको निर्देशनमा प्रतिजासूसी उपायहरूलाई सुदृढ तुल्याउन कार्यान्वयनमा आएको नयाँ कानूनले नागरिकहरूलाई एकअर्काको जासूसी गर्न प्रोत्साहित गरेको छ। यसले अमेरिकी अधिकारीहरूका साथै विदेशी कम्पनी र व्यक्तिलाई पनि समेटेकोले अमेरिकी नागरिक र उनीहरूले चीनमा सञ्चालन गरेका व्यापार–व्यवसायको सुरक्षामा पर्ने प्रभावलाई लिएर चिन्ता व्यक्त गरिएको छ।

राष्ट्रिय सुरक्षासँग सम्बन्धित सूचना हस्तान्तरण, राष्ट्रिय सुरक्षा र जासूसीको परिभाषा अझ फराकिलो बनाइएको संशोधित कानूनले राष्ट्रिय महत्त्वका कागजात, तथ्याङ्क, सूचना–सामग्रीको सुरक्षा गर्दै जासूसी सङ्गठन र तिनका सहयोगीमाथि पनि प्रतिजासूसीको प्रावधान समावेश गरेको छ। संशोधित उक्त कानून कार्यान्वयन भएपछि चीनमा रहेका अमेरिकीमात्र होइन चिनियाँहरू नै आफूमाथि जासूसी भइरहेको ठान्न थालेका छन्।

संशोधित कानून अन्तर्गत विदेशी नागरिक वा संस्थाहरूसँग चिनियाँ नागरिकको साँठगाँठ, तिनले उक्साएको वा आर्थिक सहयोग उपलब्ध गराएको विदेशी वा स्वदेशी संस्था वा व्यक्तिसँग मिलेर काम गरेकोमा दोषी ठहर गर्न सकिने, राज्यको गोप्य सूचना तथा अन्य संवेदनशील विषय चोर्न, खोज्न वा प्राप्तिका लागि सङ्गठित संस्था वा व्यक्ति पनि लाग्न सक्ने भएकोले तिनमाथि पनि नजर राख्नुपर्ने व्यवस्था गरिएको छ। अनुसन्धानकर्ताले अब सम्बन्धित व्यक्ति र संस्थामाथि छानबीन गर्न पाउने छन्।

अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता म्याथ्यु मिलरका अनुसार अमेरिकी सरकारले चीनको प्रतिजासूसी पहल र त्यसपछि विकसित भएको परिस्थितिलाई नजीकबाट नियालिरहेको बताएका छन्। अमेरिकी नागरिक र चीनमा कार्यरत व्यवसायीको सुरक्षामा आशङ्का बढाएको उनले बताएका छन्। यो मुद्दालाई सम्बोधन गर्न र चीनमा अमेरिकी हितमा प्रतिकूल हुन नदिन कूटनीतिक प्रयास जारी रहने उनले उल्लेख गरेका छन्।

चीनले प्रतिजासूसी कानून लागू गरेपछि विदेश मन्त्रालयले आफ्ना नागरिकलाई चेतावनी दिंदै मुख्यभूमि चीनको यात्रामा पुनर्विचार गर्न आग्रह गरेको थियो। चीनमा स्थानीय कानूनको स्वेच्छाचारी कार्यान्वयनबाट नजरबन्द र गिरफ्तारीको जोखिम हुन सक्ने जनाउँदै मन्त्रालयले सकेसम्म चीनको भ्रमण नगर्न सुझाएको हो।

अन्तर्राष्ट्रिय कानून र प्रचलित मान्यताहरूको सम्मान गर्न चिनियाँ अधिकारीहरूलाई आग्रह गर्दै विदेशमन्त्री एन्टोनी बिलन्केनले पनि अमेरिकी चिन्तालाई सम्बोधन गर्न आग्रह गरेका थिए। गत जूनमा भएको बेइजिङ भ्रमाणका क्रममा उनले चीनमा रहेका अमेरिकी नागरिक र व्यवसायको अधिकार तथा उनीहरूको सुरक्षाको प्रत्याभूति हुनुपर्ने कुरामा जोड दिएका थिए।

चीनको रक्षा मन्त्रालयले लोकप्रिय सामाजिक सञ्जाल प्लेटफर्म 'वि च्याट' मा प्रतिजासूसीको लागि सबैको परिचालन आवश्यक भएको घोषणा गर्दै राष्ट्रिय सुरक्षा र कानूनको शासनद्वारा परिभाषित शत्रुहरूबारे अरूलाई शिक्षा दिन नागरिकहरूलाई सक्रियरूपमा सहभागी हुन आह्वान गरेको थियो।

यसैबीच चिनियाँ रक्षा मन्त्रालयले शुक्रवार एक विज्ञप्ति निकालेर अमेरिकी केन्द्रीय गुप्तचर निकाय (सिआइए) को जासूसी प्रकरण पर्दाफास गरेको दाबी गरेको छ।

अध्ययनको लागि इटाली गएका ५२ वर्षीय जेङ नामका चिनियाँ नागरिकले पैसा लिएर सिआइएलाई 'गोप्य सूचना' उपलब्ध गराएको बताएको छ। रोमस्थित अमेरिकी दूतावासमा रहेका सिआइए एजेन्टको मित्र बनेका उनलाई प्रलोभनमा पारेर जासूसी गतिविधि सञ्चालन गर्न प्रशिक्षणसमेत दिइएको रक्षा मन्त्रालयले जनाएको छ।

जेङलाई जनमुक्ति सेनासम्बन्धी सूचना उपलब्ध गराउने सम्झौतामा हस्ताक्षर गराइएको तथा निजका परिवारलाई अमेरिकामा आवाससहित अन्य सुविधा प्रदान गर्ने प्रलोभन दिइएको विज्ञप्तिमा उल्लेख छ। यद्यपि उनलाई गरिएको सजायको विवरण भने त्यसमा समावेश गरिएको छैन। रासस

# बस र कार ठोकिंदा एकै परिवारका सातजनाको मृत्यु

राजस्थान, भारत, २८ साउन/एएनआई

राजस्थानको बन्थडी गाउँमा शनिवार राति बस र कार ठोकिंदा



एकै परिवारका सातजनाको घटनास्थलमा मृत्यु भएको छ भने एक बालकसहित दुईजना गम्भीर घाइते भएका छन्। उनीहरू वैवाहिक समारोहमा सहभागी हुन सिकरबाट नागौर जाँदै थिए।

सिकरबाट द्रुत गतिमा आइरहेको कार बन्थडी गाउँको तित्री चोकमा बससँग ठोकिएको थियो। सातजनालाई घटनास्थलमैं मृत घोषित गरिएको थियो भने एक नाबालकसहित दुईजनालाई डिडवानाको सरकारी बाङ्गर अस्पतालमा प्राथमिक उपचारपछि जयपुर रिफर गरिएको एकजना सुरक्षा अधिकारीले बताएका छन्।

बितेको शनिवार अपराह्न राजस्थानको जैसलमेरमा सीमा सुरक्षा बलका जवान सवार भएको ट्रक पल्टिंदा एक जवानको मृत्यु भएको थियो भने दर्जनौं घाइते भएका थिए। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – भयचिन्ता | वृष – विजय |
| मिथुन – भाग्योदय | कर्कट – बेचैनी |
| सिंह – मनोरञ्जन | कन्या – कर्मप्राप्ति |
| तुला – राज्यलाभ | वृश्चिक – वादविवाद |
| धनु – यात्रालाभ | मकर – शत्रुभय |
| कुम्भ – कार्यनाश | मीन – उदरपीडा |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

# हात्ती सफारीको विकल्प खोज्दै पर्यटन व्यवसायी

चितवन, २८ साउन/रासस

पर्यटकीय गन्तव्य चितवनको सौराहा हात्ती सफारीका लागि परिचित छ। हात्तीमाथि चढेर निकुञ्ज घुम्दै जङ्गली जनावर हेर्नका लागि बसेनि यहाँ हजारौं आन्तरिक तथा बाह्य पर्यटक आउँछन्। तर पछिल्लो समय हात्तीमाथि चढेर घुम्ने प्रचलन कम हुँदै गएपछि यहाँका व्यवसायीले विकल्प खोज्न थालेका छन्।



विश्वका विभिन्न देशमा हात्तीमाथि गरिने सफारी राम्रो मानिँदैन। बरु यसको विकल्पमा हात्ती सेन्चुरी शुरू गरिएको पाइन्छ। हात्तीलाई खुल्ला ठाउँमा छाड्ने प्रक्रियालाई हात्ती सेन्चुरी भनिन्छ। कतिपय देशमा हात्तीसँग पर्यटक घुमाएर पर्यटन व्यवसाय गरेको पाइन्छ।

सौराहाका पर्यटन व्यवसायीबीच सामूहिक योजना नबनेपछि केहीले पर्यटकलाई हात्तीसँगै घुमाउन शुरू गरिसकेका छन्। एकै ठाउँमा खुल्लारूपमा हात्तीलाई छोडेर तिनै हात्तीसँग पर्यटकलाई विभिन्न गतिविधिमा समावेश गरी मनोरञ्जन दिन थालिएको छ।

सौराहाको सपना भिलेजका सञ्चालक ध्रुव गिरीले छवटा हात्तीलाई खुल्ला ठाउँमा छोडेर पर्यटकीय गतिविधि गर्दै आएका छन्। हात्ती सफारी बन्द गरेर उनले पर्यटकलाई हात्तीका विभिन्न गतिविधिमा समावेश गरी हात्ती सफारीभन्दा बढी आम्दानी गरिरहेका छन्। उनको भनाइमा बिहानीमा 'एलिफेन्ट सनराइज बुस वाक' (झाडीमा हात्तीसँगै घुम्ने) प्याकेज तयार गरिएको छ। यो प्याकेज अन्तर्गत पर्यटक कांसको झाडीमा हात्तीको अघिपछि घुम्छन्। उनीहरूले बिहानी खाजा (ब्रेक फास्ट) हात्तीसँगै खुलारूपमा लिन्छन्। गिरीका अनुसार यो प्याकेजबापत पर्यटकसँग रु तीन हजार पाँच सय लिइन्छ। हात्ती सफारी गर्दा रु दुई हजार पाँच सय मात्रै आउने भन्दै उनले सफारीभन्दा बढी आम्दानी हात्ती सेन्चुरीबाट हुने गरेको बताए।

गिरीले आफ्नै करीब २२ बिघा जमीनमा हात्तीपालन गरिरहेका छन्। दिनभर हात्तीसँग रमाउन चाहने पर्यटकका लागि अर्को प्याकेज 'डे विथ एलिफेन्ट' पनि छ। यो प्याकेज अन्तर्गत 'सनराइज बुस वाक' पनि पर्छ। बिहानको खाजापछि होटलमा फर्किएसँगै पर्यटक हात्तीको सरसफाइमा जुट्छन्। उनीहरूले हात्तीको दिसा सफा गर्ने, केरा ल्याउने, हात्तीका लागि दाना बनाउने र खुवाउने गर्छन्। उनीहरूले दिउँसोको खाना पनि हात्तीसँगै रमाएर खान्छन् भने बेलुकाको खाना पनि हात्तीसँग रमाउँदै लिने गर्छन्। यो प्याकेजका लागि प्रतिपर्यटक रु १५ हजार लाग्छ।

समूहमा काम गर्न सबै इच्छुक नभएपछि विगत तीन वर्षदेखि आफूले 'हात्ती सेन्चुरी' शुरू गरिरहेको गिरीको भनाइ छ। "हात्तीलाई बाँधेर पाल्नुपर्दैन र सफारी पनि गर्नुपर्दैन। त्योभन्दा बढी सन्चुरी मोडलबाट आम्दानी गर्न सकिन्छ," उनले भने। सौराहाका अन्य व्यवसायीले सङ्गठितरूपमा सेन्चुरी मोडलमा हात्तीको प्रयोग गर्न केही वर्षदेखि गृहकार्य गरिरहेका छन्।

क्षेत्रीय होटल सङ्घका निवर्तमान अध्यक्ष दीपक भट्टराईका अनुसार थाइल्यान्ड गएर यो मोडलबारेमा अध्ययन गरिएको थियो। हात्ती सेन्चुरीका लागि एक अमेरिकी संस्थाले सहकार्यको प्रस्ताव पनि गरेको भन्दै उनले त्यसले पूर्णता भने पाउन नसकेको बताए। तत्कालीन समयमा कोरोना महामारी न्यूनीकरण तथा रोकथामका लागि लागू भएको बन्दाबन्दीका कारण उक्त प्रयास स्थगित भएको उनको भनाइ छ।

उनले भने, "हात्तीविनाको पर्यटन सौराहामा सम्भव छैन, त्यसैले हामीले यसको विकल्प सोच्नैपर्छ।" हात्ती सफारी दिगोरूपमा सम्भव नरहेको भन्दै उनले ढिलोचाँडो हात्ती सेन्चुरीमा जानुको विकल्प नभएको बताउँछन्।

सङ्घका पूर्वअध्यक्ष सुमन घिमिरे युरोपेली, अमेरिकी, अस्ट्रेलियालीलगायत अन्य देशका पर्यटकले प्याकेजमा हात्ती सफारी छाडेको उनको भनाइ छ। जनावरमाथि चढेर उनीहरूलाई सास्ती दिनुहुँदैन भन्ने मान्यता अनुसार त्यसो गरिएको हो। थाइल्यान्ड, कम्बोडिया, भियतनामलगायतका देशमा हात्ती सेन्चुरी राम्रो भएको घिमिरेको भनाइ छ। उनले भने, "हात्तीले खाएको, नुहाएको, हात्तीसँगै हिंडेको जस्ता गतिविधिको अवलोकन गराइ पर्यटकबाट आम्दानी गर्न सकिन्छ।"

सौराहामा हाल 'युनाइटेड हात्ती सञ्चालन सहकारी संस्था' सञ्चालनमा छ। संस्था अन्तर्गत हाल ३० वटा हात्ती छन्। संस्थाका अध्यक्ष दीपेन्द्र खतिवडाका अनुसार सौराहामा निजी हात्तीको सङ्ख्या ४२ वटा छ। कोरोना महामारी शुरू हुनुअघि हात्तीको सङ्ख्या ८० थियो। संस्थामा मात्र कोभिडअघिसम्म ६५ वटा हात्ती रहेकामा कोभिडपछि यो सङ्ख्या घटेर ३० मा सीमित भएको उनको भनाइ छ।

व्यवसायीहरूले हात्ती पाल्न नसकेपछि बाहिरबाट ल्याइएका हात्ती फिर्ता गरेको उनको भनाइ छ। एउटा हात्ती पाल्न मासिक करीब रु एक लाख २० हजार खर्च हुने खतिवडाले जानकारी दिए। एउटा वयस्क स्वस्थ हात्तीको मूल्य औसतमा रु एक करोड ५० लाख पर्छ।

# विदेशबाट आउने यात्रुका लागि विमानस्थलमा स्वघोषणा कक्ष सञ्चालनमा

काठमाडौं, २८ साउन/रासस

त्रिभुवन विमानस्थल भन्सार कार्यालयले विदेशबाट आउने यात्रुका लागि स्वघोषणा कक्ष सञ्चालनमा




ल्याएको छ। विदेशबाट फर्किएका यात्रुले मापदण्डभन्दा बढी सुन, गरगहना, विदेशी मुद्रा टेलिभिजन तथा मोबाइल फोन ल्याउने र स्वघोषणा नगरी बाहिरिंदा भन्सार छली अनुसार कारबाहीको भागीदार हुने गरेका थिए।

स्वघोषणा कक्ष सञ्चालनपछि यात्रुले आफूसँग भएको मालवस्तुको स्वयम् घोषणा गर्न पाउने तथा बढी भएको सामानको भन्सार महसूल बुझाइ सजिलै लैजान पाउने व्यवस्था गरिएको भन्सार विभागले जानकारी दिएको छ।

सो अनुसार विदेशबाट आउने यात्रुले अध्यागमन कक्ष पार गरेपछि भन्सार एक्स–रे मेशिनमा पुग्नुअगावै स्वयम् घोषणाको सुविधा पाउने व्यवस्था गरिएको हो। विदेशबाट नेपाल फर्कने महिला यात्रुले अधिकतम ५० ग्रामसम्म र पुरुष यात्रुले अधिकतम २५ ग्रामसम्मको सुनको गहनामा भन्सार तिर्नुपर्दैन। साथै एकजना व्यक्तिले महिलाको हकमा ५० ग्राम र पुरुषको हकमा २५ ग्रामबाहेक थप दुई सय ग्रामसम्म सुनको गहना भन्सार बिन्दुमा महसूल तिरेर साथमा ल्याउन पाउने व्यवस्था छ। विमानस्थल भन्सार कार्यालयका प्रमुख डा टोकराज पाण्डेका अनुसार गहनाको आकार मात्रै दिएर बनाइएका बेरुवा औंठी, बाला, सिक्री जस्ता रसायन प्रयोग नगरिएका सुनलाई गहनाको मान्यता प्राप्त हुँदैन।

मोबाइलको हकमा भने यात्रु आफूले प्रयोग गरिरहेको मोबाइल साथमा ल्याउँदा भन्सार तिर्नुपर्दैन। श्रम स्वीकृति लिएर लगातार छ महीनाभन्दा बढी विदेशमा काम गरी फर्केका यात्रुले आफ्नो साथमा थप एक थान मोबाइल भन्सार नतिरी ल्याउन पाउने कानूनी व्यवस्था रहेको प्रमुख पाण्डेले जानकारी दिए। उनका अनुसार यस्तो थप एक थान मोबाइलका लागि भन्सार कार्यालयमा घोषणा गरी भन्सार प्रक्रिया भने पूरा गर्नुपर्छ।

श्रम स्वीकृति लिई लगातार १२ महीना काम गरी फर्कने सामाजिक सुरक्षा कोषमा सूचीकृत भएको नेपाली यात्रुले जुनसुकै आकार वा प्रकारको टेलिभिजन साथमा ल्याउँदा भन्सार तिर्नु नपर्ने व्यवस्था छ। तर श्रम स्वीकृति लिई लगातार १२ महीना काम गरी फर्केको भएपनि सामाजिक सुरक्षा कोषमा सूचीकृत नभएका नेपाली यात्रुले भने ३२ इन्चसम्मको टेलिभिजन मात्र भन्सार नतिरी साथमा ल्याउन पाउने व्यवस्था छ।

अन्य अवस्थामा भने सबै टेलिभिजनमा नियम अनुसारको महसूल भन्सारमा तिर्नुपर्ने व्यवस्था छ। यसैगरी, पाँच हजार अमेरिकी डलरभन्दा बढी विदेशी मुद्रा हुने यात्रुले विमानस्थलमा स्वघोषणा गर्नुपर्छ। रकम घोषणाको भने कुनै महसूल वा शुल्क बुझाउनु नपर्ने व्यवस्था छ।

**यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।**

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

**प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)**
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# बकैया र लाल खोलामा प्राविधिक टोली

प्रस, निजगढ, २८ साउन/

अविरल वर्षाले निजगढस्थित बकैया, लाल खोलालगायत अन्य खोलामा आएको च्यानलाइज गरेको थियो ।

गएरातिको अविरल वर्षाले पुनः खोलामा बाढी आएपछि पुरानै ड्यामबाट पुललाई असर गर्नेगरी थप कटान गरेपछि भरपर्दो रोकथामका लागि प्राविधिक टोलीको राय माग गरेको उनले भने ।



बकैयाको बाढीले पुऱ्याउन सक्ने क्षतिबारे सडक र वनका प्राविधिक र स्थानीयसहित निरीक्षण गदै नगरप्रमुख पुरी । तस्वीरः प्रतीक

बाढीले हुन सक्ने थप क्षति रोकथामका तत्कालीन उपाय खोज्न प्राविधिक टोलीसहित निजगढ नपाका प्रमुख सुरथ पुरीले स्थलगत निरीक्षण, अनुगमन गरेका छन् ।

सडक डिभिजन कार्यालय, हेटौंडाका इन्जिनीयर रमेश पाण्डे, डिभिजन वन कार्यालय बाराका अधिकृत सन्दीप पटेल, निजगढ नपाका सबइन्जिनीयर नवीन खलालसहितको टोलीले निजगढस्थित बकैया र लाल खोलाको आइतवार स्थलगत निरीक्षण र अनुगमन गरेको हो । पूर्व–पश्चिम महेन्द्र राजमार्गको निजगढ नगरपालिका–८ स्थित बकैया पुलदेखि तीन सय मिटरनजीकैको पूर्वतर्फको ड्याम बाढीले उच्च कटान गरेपछि सोमवार बिहानैदेखि तीनवटा एक्साभेटरले ड्याम कटान गरेको क्षेत्रलाई रोकथाम गर्दै खोलालाई बाढी सोझिएर पसेपछि थप रोकथामका उपाय अपनाउन र बकैया पुलको उत्तर–दक्षिणतर्फको थुप्रिएर रहेको नदीजन्य पदार्थ हटाउनुपर्ने प्राविधिक टोलीको भनाइ छ । प्राविधिक टोलीले प्रतिवेदन तयार पारी बाराका प्रमुख जिल्ला अधिकारी एवं जिल्ला विपत् व्यवस्थापन समितिका अध्यक्ष नवराज सापकोटालाई बुझाउने गरी खोलाको अनुगमन गरिएको निजगढ नगरपालिकाले जनाएको छ ।

हामीले तत्कालै बाढी बस्तीमा पस्नबाट रोक्ने उपाय खोजी गर्दै सोही मुताबिक च्यानलाइज गरिरहेका छौं । थप खोला च्यानलाइजका लागि प्राविधिकले तयार पारी जिल्ला विपत् व्यवस्थापन समितिलाई बुझाइ निर्णय भई आएपछि तोकिएको स्थानमा काम गर्ने निजगढका प्रमुख सुरथ पुरीले बताए । लाल खोलामा आएको बाढीले झोलुङ्गे मानवबस्ती, सडक, पुल, वन क्षेत्रलाई तत्कालीन र दीर्घकालीनरूपमा संरक्षण हुनेगरी कार्य अघि बढाउने नगरप्रमुख पुरीले बताए ।

बकैया पुलको दायाँबायाँ खोलामा बाढीले थुपारिएका नदीजन्य पदार्थ हटाइ बाढीले कटान गरेको ठाउँमा तारजालीको तटबन्ध तत्कालै लगाउनुपर्ने स्थानीयहरू नरेश घिमिरे, काशीनाथ पराजुलीलगायतले नगरप्रमुख पुरी र सडक डिभिजन कार्यालय, हेटौंडाका इन्जिनीयर रमेश पाण्डेलाई आग्रह गरे । तत्कालका लागि र दीर्घकालीनरूपमा बाढी रोकथाम नगर्ने हो भने सुकुमबासी बस्ती, खयरघारीबस्ती बकैयाटोल, सिनेमाहल टोल, राजमार्गलगायतका १५ सय घरधुरी प्रत्यक्ष बाढीको उच्च जोखिममा पर्ने स्थानीयहरूको भनाइ छ।

# अदालतको सम्मान गर्दै सहाबुद्दीनद्वारा जग्गा छाड्ने घोषणा

प्रस, वीरगंज, २८ साउन/

वीरगंज महानगर–३ छपकैया निवासी नजमा बेगमका पति नेका, पर्साका नेता महमद सहाबुद्दीनले आइतवार पत्रकार सम्मेलन गरेर अदालतले आफूलाई हकअधिकारबाट वञ्चित गरी महानगरको स्वामित्व कायम गरेको जग्गा केही दिनमा खाली गरिदिने बताएका छन् ।



पत्रकार सम्मेलनमा महमद सहाबुद्दीन । तस्वीरः प्रतीक

नेपाल पत्रकार महासङ्घ पर्सामा आयोजित पत्रकार सम्मेलनमा सहाबुद्दीनले आफूले २०७४/११/२९ मा वीरगंज–७ निवासी अरुण अग्रवालसँग तत्कालीन वडा नं १३ आदर्शनगस्थित एक कट्ठा जग्गा मालपोत कार्यालय, पर्साबाट रजिस्ट्रेशन पारित गरेर खरीद गरेको तर हाल सो जग्गामा अदालतले महानगरको स्वामित्व कायम गरेको भन्दै अदालतको सम्मान गर्दै केही दिनमा महानगरका लागि जग्गा खाली गरिदिने बताए ।

उनले आफूले सबै प्रक्रिया पूरा गरी जग्गाधनीसँग खरीद गरेको तर सोविरुद्ध महानगरपालिकाले पर्सा जिल्ला अदालतमा दिएको मुद्दामा अदालतले महानगरको हकमा फैसला दिएको र सोविरुद्ध आफू उच्चमा गएको तर उच्च अदालतले पनि जिल्लाको फैसला सदर गर्दै महानगरको स्वामित्व कायम गरेपछि एउटा असल राजनीतिकर्मी र नागरिकको परिचय दिंदै अदालतको सम्मान गरेर महानगरलाई जग्गा खाली गरिदिन लागेको बताए । उनले आफुले सो जग्गा खरीद गरेको केही दिनपछि अग्रवालका छोराहरूले अंश मुद्दा दायर गरेका कारण उक्त जग्गा हालको अवस्थामा मालपोतमा रोक्का रहेको बताए । उच्च अदालतले सहाबुद्दीनकी पत्नी बेगमको नाममा रहेको सो जग्गा गत वैशाखमा महानगरको स्वामित्व कायम हुनेगरी जिल्ला अदालतको निर्णयलाई सदर गरेको थियो । यसअघि २०७८ सालमा जिल्ला अदालतले महानगरका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत भीष्म भुसालले बेगमविरुद्ध दिएको रिटमा महानगरको पक्षमा फैसला सुनाएको थियो ।

# लाल खोलाको बाढीले दूध बोक्ने टयाङ्करमा क्षति

प्रस, निजगढ, २८ साउन/

निजगढ नगरपालिका–१० लाल खोला पार गर्ने क्रममा आइतवार बिहान चालक र अन्य मानिस आआफ्नो ज्यान बचाउन सफल भएपनि टयाङ्कर छोपिने गरी बाढी पसेर र खोलाबीचमा टयाङ्कर



तस्विर : जीतलाल श्रेष्ठ

लाल खोलामा बाढीमा फसेको दूध टयाङ्करलाई एक्साभेटरको मदतले निकाल्न कोशिश गर्दै ।

दुध बोक्ने टयाङ्करलाई बाढीले क्षति पुऱ्याएको छ ।

रतनपुरबाट दूध भरेर थप दूध भर्न लालबस्ती जाने क्रममा लाल खोलाको झोलुङ्गे पुल पार गर्ने क्रममा प्रदेश २–०३–००१ क ०३९० नम्बरको टयाङ्कर खोलाबीचमा फसेको इलाका प्रहरी कार्यालय, निजगढले जनाएको छ । बाढी आएको थाहा पाउने बित्तिकै टयाङ्करका बालुवामा धसेको थियो ।

सशस्त्र प्रहरी बल नेपाल विपत् व्यवस्थापन बेस निजगढबाट सशस्त्र प्रहरी नायब निरीक्षक दिलभूषण झा नेतृत्वको ११ जना विपत् व्यवस्थापन तालीम प्राप्त उद्धार सामग्रीसहितको सशस्त्र प्रहरी टोली घटनास्थल पुगी दिउँसो करीब २ बजे दुईवटा एक्साभेटरको सहायताले टयाङ्करलाई खोलाबाट बाहिर निकाल्न सफल भएको सशस्त्र प्रहरी बल नेपाल विपत् व्यवस्थापन बेस निजगढका प्रमुख एवं सशस्त्र प्रहरी नायब उपरीक्षक देवेन्द्र थापाले जानकारी दिए ।

सो बाढीले टयाङ्करमा रु १० लाखभन्दा बढीको क्षति पुऱ्याएको प्रहरीको अनुमान छ । यस विपत् व्यवस्थापन बेस निजगढले बारा, पर्सा, रौतहटका क्षेत्रमा १२ महीनै विभिन्न विपत् कार्यमा सक्रिय उद्धार, व्यवस्थापन गर्दै आएको जनाएको छ ।

# निश्शुल्क स्वास्थ्य शिविर

प्रस, वीरगंज, २८ साउन/

सामुदाय–प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत आइतवार वीरगंजस्थित अल्पाइन माविका विद्यार्थीहरूको निश्शुल्क आँखा परीक्षण गरिएको छ ।

सामुदायिक प्रहरी सेवा केन्द्र, मुर्ली र माट्रिका आई फाउन्डेशनको सहकार्यमा सो माविमा अध्ययनरत विद्यार्थीहरूको आँखा परीक्षण गरिएको केन्द्रका सचिव कुलनारायण प्रधानले बताए । उनले अहिले बालबालिकाहरूमा आँखा पाक्ने रोगको सङ्क्रमण देखिएकाले शिविरमार्फत आँखा परीक्षण गरिएको बताए । केन्द्रका अध्यक्ष राम सर्राफको अध्यक्षतामा भएको शिविरमा प्रअ विनोद उपाध्याय, प्रहरी हवल्दार ओमप्रकाश साह, माट्रिका आई फाउन्डेशनका डा मनोरञ्जन यादव, राजेश चौधरी, राजेश महतोलगायको सहभागिता थियो ।






# बलात्कारका अभियुक्त पक्राउ

प्रस, परवानीपुर, २८ साउन/

बारा प्रहरीले जबरजस्ती करणी मुद्दामा फरार एकजना अभियुक्तलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा बारा, करैयामाई गापा–५ बस्ने वर्ष २६ का पन्नालाल पासवान रहेका छन् । २०७९ पुस १६ गते राति ८ बजे १४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको आरोपमा फरार रहेका पासवानलाई बारा प्रहरीले नियन्त्रणमा लिएर बारा जिल्ला अदालतबाट अनुसन्धानको लागि पाँच दिनको म्याद थप गराएको बारा प्रहरीका प्रवक्ता प्रनाउ दधीराम न्यौपानेले जानकारी गराए ।

**पर्सा, बारा प्रहरी ...**

प्रहरीका प्रवक्ता दीपक गिरीले बताए ।

**कलैयामा पनि रक्तदान सम्पन्न**

प्रस, परवानीपुर, २८ साउन/

नेपाल प्रहरी श्रीमती सङ्घको ३९औं वार्षिकोत्सवको अवसरमा आज कलैयामा रक्तदान कार्यक्रम सम्पन्न भएको छ । प्रादेशिक अस्पताल, कलैयाको प्राविधिक सहयोगमा जिल्ला प्रहरी कार्यालय, बाराद्वारा आयोजित कार्यक्रमको उद्घाटन बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले गरेका थिए ।

जिप्रका परिसरभित्र आयोजित रक्तदान कार्यक्रममा ६८ जनाले रक्तदान गरेको जिल्ला प्रहरी कार्यालय, बाराका प्रवक्ता प्रनाउ दधीराम न्यौपानेले बताए ।

कार्यक्रममा बाराका प्रमुख प्रहरी उपरीक्षक होबिन्द्र बोगटीलगायतको सहभागिता थियो ।




शिक्षा ऐनको मस्यौदाविरुद्ध धर्नामा बसेका शिक्षकशिक्षिकाहरू । तस्वीरः प्रतीक


## सर्पको टोकाइबाट बचौं

- घरवरिपरि सफा राखौं, प्वालहरू टालौं,
- झाडी एवं खुला स्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठी लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुल प्रयोग गरौं,
- सुत्ने बेलामा ओछ्यान राम्ररी हेरौं,
- राति हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल, दाउरा आदि निकाल्दा होशियार रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड